# संघीय संसद
# राष्ट्रिय सभा
# अठारौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# १४ वैशाख २०८२
# आइतवार
# बैठक सङ्ख्या- २

राष्ट्रिय सभाको आजको बैठक सम्मानननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१८ बजे प्रारम्भ भयो।

(१३:१८ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ। के थियो माननीय सदस्य? आफ्नो विषय छोटकरीमा राख्न अनुरोध गर्दछु।

(१३:१८ बजे) माननीय श्री आनन्द प्रसाद ढुंगाना (नेपाली काँग्रेस):- नेपाली काँग्रेसका सहमहामन्त्रीको बारेमा एउटा पार्टीको सभापति जस्तो मान्छे माननीय प्रतिनिधि सभामा राजेन्द्र लिङ्गदेनज्यूले कुरा राख्नुभयो। पहिलो दिनमा सदन भित्र। त्यसले के देखिन्छ भन्देखिन् कहिँ न कहिँ जो चोर उसैको ठुलो स्वर भनेजस्तै भयो। हामी नेपाली काँग्रेसका कार्यकर्ताहरू अनुशासित पनि छौं। नेपाली काँग्रेसका कार्यकर्ता अनुशासित छौं भने पछि उनका छोराहरु छन् अनुशासित छन्। जुन व्यक्तिको बारेमा उहाँले भन्नुभा'छ। नाउँ त उहाँले लिनु भा छैन। तर सात जना हाम्रा सहमहामन्त्री छन्। यदि उहाँसँग प्रमाण छ भने उहाँले यो सदनमा जसरी उहाँले बोल्नुभयो। ठोकेर जाने त्यो प्रमाण सहितको ल्याउनु पर्यो। नभए उहाँले जुन किसिमबाट राख्नुभो उहाँले पनि दोषीको भागिद्वारी हुनुपर्छ भन्ने मेरो आग्रह हो अध्यक्ष महोदय। त्यसैले नेपाली काँग्रेसका बारेमा लुटपाट गर्ने आफूले १५ गते गएर चैतको दिन अनि त्यसपछि आगो लगाउने

राप्रपाले अनि लुटपिट गर्ने आफूले अनि काँग्रेसको कार्यकर्ताको नाउँ, काँग्रेस कार्यकर्ता छोराको नाउँ भनेर उहाँ टाल्न खोज्नुहुन्छ भने यो देशमा साँच्ची नै भन्ने हो भने देखिन् झुटको खेती यो पूर्व राजाका सहयोगीहरूले गरिराख्या छ भन्ने म भन्न चाहन्छु। त्यसैले सभाअध्यक्ष महोदय, त्यो जुन गएर रेकर्ड गरिएको छ त्यो रेकर्डको छानबिन होस् र त्यो छानबिन भएर यदि जो दोषी हुन्छ त्यो दोषी माथि कारवाही होस् नभए त्यो डिलिट गरियोस्। यस्ता किसिमका रेकर्डहरु parliamentary सिस्टममा parliament मा प्रजातन्त्रमा लोकतन्त्रमा गर्न पाइँदैन भन्ने कुरा म अध्यक्ष महोदय मार्फत आग्रह गर्न चाहन्छु। धन्यवाद।

(१३:२० बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यले जे विषय उठाउनुभएको छ। मेरो ध्यानाकर्षण भएको छ। यस प्रति म सम्बन्धित ठाउँमा विषय म राखौंला। त्यसको लागि।

माननीय सदस्यहरू, "शून्य समय" मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु।

सर्वप्रथम माननीय सदस्य गंगा कुमारी बेलबासे।

(१३:२१ बजे) माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- सम्माननीय अध्यक्ष महोदय, नयाँ वर्ष २०८२ को देश विदेशमा रहने सबै नेपालीमा शुभकामना व्यक्त गर्दछु। १८ औं अधिवेशन जन उत्तरदायी नीति बजेट निर्माण गर्न र अत्यावश्यक र पाइपलाईनमा भएका विधेयकहरू पास गर्दै जनसरकारका विषयहरू उठाउने र सम्बोधन हुने अधिवेशनको रूपमा सफल होस्। शुभकामना व्यक्त गर्दछु। सरकार र शिक्षकको वार्ता संवाद सहमति छिटो गर्न अनुरोध गर्दछु। शिक्षा क्षेत्रको सुधार र विगतका समस्या समाधान गर्दै विद्यालय विद्यालय विधेयक छिटो पास गर्नु आआफ्नो ठाउँबाट भूमिका निर्वाह गरौं भन्ने प्रतिबद्धता व्यक्त गर्दै गर्दै आफ्नो बनाए अन्त गर्छु हस धन्यवाद।

(१३:२२ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्य गोपी बहादुर सार्की आछामी।

(१३:२२ बजे) माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- अध्यक्ष महोदय, नयाँ वर्ष २०८२ र यो १८ औं अधिवेशनको पनि म हार्दिक

शुभकामना व्यक्त गर्न चाहन्छु। अहिले भर्खरै यो २६ दिनदेखि आन्दोलनरत शिक्षकहरूको जायज माग सम्बोधन भएको छैन र शिक्षकहरू आन्दोलन मै छन्। शिक्षकहरू माथि आज लाठ्ठी चार्ज भएको छ र दमन भएको छ म त्यो दमनको घोर भर्त्सना र विरोध गर्न चाहन्छु साथै शिक्षकहरूले उठाएका जायज मागहरूको सम्बिधन गरियोस छिटो वार्ता गरियोस शिक्षकहरूलाई विद्यालय फर्कने वातावरणबनाईयोस भन्ने माग पनि म शसक्त रूपमा राख्न चाहन्छु।त्यस्तै स्वास्थ्य कर्मी,लघुवित्त पिडीत र सहकारी पिडीतहरूको पनि आन्दोलन चलिरहेको छ यो आन्दोलनमा उठेका जायज मागहरू सरकाले सम्बोधन गरियो र समस्याको हल गरियोस तर यो सरकार त्यो गर्न खोजिराखेको अनुभुति भइराखेको छैन म यसको विरोध गर्न चाहन्छु धन्यावाद।

(१३:२३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य माया प्रसाद शर्मा।

(१३:२३ बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, १८औं अधिवेशनको भव्य शुभकामना व्यक्त गर्दछु। र आज माता तीर्थ सबै प्रकारका सबैमा आमाहरूप्रति सम्मान व्यक्त गर्दछु। र शिक्षकहरूको आन्दोलन चलिराखेको छ। आज चैत्र २० गतेदेखि चलेको करिब २४-२५ दिन भइसक्यो। आन्दोलन त्यो सत्ता पल्टाउनका लागि पनि छैन, व्यवस्था पल्टाउनको लागि पनि छैन। पूर्ववर्ती सरकारहरूले गरेका आश्वासनहरू, पूर्ववर्ती सरकारले गरेका सम्झौताहरु कार्यान्वयनको विषय छ। मुख्यतया कानुन निर्माणको विषय छ। त्यो सबैको सरोकारको विषय छ। संविधान अनुसार कानुन निर्माण हुनुपर्छ भन्ने हामी सबै छ। र त्यसको मागलाई वेवास्ता गरिएको छ, वितृष्णा फैलाउने किसिमका कुराहरू अगाडि बढाइएको छ। शिक्षकहरूप्रति अपमान गरिएको छ। यस्तो कुरा नहोस् र ती मागहरू पूरा हुन् भन्ने कुरा राख्छु। धन्यवाद।

(१३:२४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य सुमित्रा बि.सी.।

(१३:२४ बजे) **माननीय श्री सुमित्रा बि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, यो २०८२ नयाँ वर्षको हार्दिक मङ्गलमय शुभकामना। र यो बर्खे अधिवेशन बजेट अधिवेशन पनि भनिन्छ। यो अधिवेशन एकदम सफलताको पनि शुभकामना भन्न चाहन्छु। यस्तै गरेर आज माता तीर्थ औंशी देशभरिका आमाहरूलाई हार्दिक श्रद्धासुमन गर्न चाहन्छु। र

यो तीनैवटा प्रदेशलाई जोडेको जोडिने एउटा भुरीगाउँ तेलपानी भन्ने सडक छ यो १२ वर्ष भयो। यो चाहिँ सडक निर्माण भयो भनेर त्यहाँ पुल बन्यो भने कर्णाली प्रदेश जानका लागि पनि धेरै सुविधा हुनेछ र छोटो हुनेछ। यसलाई चाहिँ तत्कालीन नेपाल सरकारको ध्यान जाओस् भन्ने म भन्न चाहन्छु र सम्पूर्ण आमाहरूलाई फेरि पनि हार्दिक नमन (... समय सकिएको।)

(१३:२६ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्यहरू, शुन्य समयमा माननीय सदस्यहरुले बोल्ने क्रम यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरु २०७४ फागुन २१ गतेबाट प्रारम्भ भएको सङ्घीय संसद अन्त्यर्गत राष्ट्रिय सभा १८औं अधिवेशनको प्रारम्भमा हामी आइपुगेका छौं। यस अवसरमा म माननीय सदस्यलाई हार्दिक स्वागत गर्दै अधिवेशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु। माननीय सदस्यहरू सभाको सत्रौं अधिवेशनको अन्त्य हुँदै गर्दा सभाको बैठक स्थगन रहेको कारणले उक्त अधिवेशन अवधिमा भए गरेका काम कारबाहीको संक्षिप्त विवरण सभासमक्ष प्रस्तुत गर्न सकिएको थिएन। उक्त अधिवेशन अवधिमा सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व पहिलो संशोधन अध्यादेश, २०८१ निजीकरण पहिलो संशोधन अध्यादेश, २०८१ आर्थिक तथा व्यवसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ र भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ गरी ६ वटा अध्यादेशहरू पेश भएका थिए। तीमध्ये पाँचवटा अध्यादेश सभाबाट स्वीकृत भएका थिए। स्वीकृत अध्यादेशहरू प्रतिस्थापन विधेयक,को रूपमा सभामा आउँदा उक्त प्रतिस्थापन विधेयक,हरूको प्रक्रियागत र विषयगत वस्तुको सन्दर्भमा पनि बहुआयामिक मुद्दाहरू उठेकाले तोकिएको समयमा सभामा सुचारु रूपमा अगाडि बढ्न सकेनन्। लामो समयको बहुपक्षीय बैठक र औपचारिक अनौपचारिक छलफल साथै सभाको अध्यक्षको हैसियतमा मेरो समेत विभिन्न पक्षसँगको समन्वयात्मक भूमिका पश्चात अन्तिम समयमा सभाबाट प्रतिस्थापन विधेयक,हरू बहुमतबाट पारित भएका थिए। २०७४ सालदेखि हालसम्म हेर्दा राष्ट्रिय सभातर्फ जम्मा ६६ वटा विधेयक, उत्पति भएका छन् त्यसमध्ये १७औं अधिवेशनमा प्रमाणीकरण भएका भ्रष्टाचार निवारण पहिलो संशोधन विधेयक, २०७६ विद्युतीय व्यापार विधेयक, २०८० विधायनसम्बन्धी विधेयक, २०८० सुरक्षित कारोबार पहिलो विधेयक, संशोधन विधेयक, २०८० सहित हालसम्म ३८ वटा विधेयक,हरू प्रमाणीकरण भइसकेका छन्। १७औं अधिवेशनमा सभाले पारित गरेका मिडिया काउन्सिल विधेयक, २०८० नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक, २०८१ नेपाल कानून व्यवसायी परिषद् दोस्रो संशोधन विधेयक, २०८१ र तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक,, २०८१ गरी सातवटा विधेयक,हरू प्रतिनिधिसभामा पठाइएका छन्। यसैगरी पानीजहाज सञ्चालन तथा व्यवस्थापन विधेयक,

२०८१ र राष्ट्रिय विधि विज्ञान प्रयोगशाला व्यवस्थापन र सञ्चालन विधेयक, २०८१ दफावार छलफलको क्रममा विधायन व्यवस्थापन समितिमा रहेका छन्। सामाजिक सञ्जाल विधेयक, २०८१ सभामा विचाराधीन रहेको छ भने पर्यटन विधेयक, २०८१ दर्ता भई अध्ययनको लागि माननीय सदस्यहरुलाई वितरण भइसकेको अवस्था छ। माननीय सदस्यहरू सत्रौं अधिवेशनमा सभाबाट दुईवटा विषयमा रुलिङ भएको थियो। त्यसैगरी मर्यादित महिनावारीका लागि महिनावारी विभेदको अन्त्य सम्बन्धी संकल्प प्रस्तावमाथि सभामा गम्भीर छलफल भएर सर्वसम्मतले स्वीकृत भई संकल्प प्रस्तावका विषयहरूको कार्यान्वयनका लागि नेपाल सरकारलाई निर्देशन समेत भएको थियो। १७औं अधिवेशनमा विपक्षी दलहरूले विभिन्न विषयमा सरकारको ध्यानाकर्षण गराउँदै सभा अवरुद्ध गरिरहेको सन्दर्भ बिमस्टेक सम्मेलनमा सहभागिता २०८१ को चैत्र १५ गते तिनकुनेमा भएको घटना लगायत समसामयिक विषयमा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले वक्तव्य दिनुभएको थियो। सभाका पछिल्ला अधिवेशनहरूमा मन्त्रालयहरूसँग सम्बन्धित प्रश्न उत्तरलाई माननीय सदस्यहरूले महत्वका साथ लिनुभएको कारण सभाको काम कारबाहीले अझ जीवन्तता पाएको छ। यस अधिवेशनमा समेत प्रश्नोत्तर कार्यक्रमलाई माननीय सदस्यहरुले थप प्रभावकारी रुपमा अगाडि बढाउनुहुनेछ भन्ने अपेक्षा लिएको छु। सभाको गतिविधिलाई व्यवस्थित बनाउन कार्यपालिका निर्माण गरी लागू गर्ने अभ्यासले सभा सञ्चालनमा सहजता ल्याएको छ। सभाका बैठक कार्यतालिकाबद्ध रूपमा सञ्चालन गर्न विशेषतः सरकारको सहयोग आवश्यकता हुन्छ। कुन मितिमा अधिवेशन आह्वान हुने र कुन मितिमा अन्त्य हुने भन्ने कुरा पूर्व निश्चित गरिनु कार्यतालिकाको पूर्व शर्त हो। हाल बिजनेस उपलब्ध भएसम्म केही लामो नत्र पाक्षिक कार्यपालिका निर्माण गर्दै आएका छौं। अबका दिनमा सम्भव भएसम्म अधिवेशन अवधि भएको कार्यतालिका निर्माण गर्न सक्दा राम्रो हुन्छ। निर्वाचक मण्डल समुहको समन्वय बैठक आआफ्नो निर्वाचन क्षेत्रमा एकैपटक गर्ने गरी तय गरिएको समयमा प्रतिस्थापन विधेयक,हरू कार्यतालिका बमोजिमको सभामा टुंगो लाग्न नसक्दा र दोस्रो पटक तय भएको समयमा अधिवेशन प्रारम्भको समयबारे समन्वयको कमीले पूर्व अनुमान गर्न नसक्दा २ पटकसम्म स्थगित भएको छ। उक्त कार्यक्रम प्रदेशहरूसँग समन्वय गरी उपयुक्त समयमा बजेट वक्तव्यभन्दा अगावै सम्पन्न गर्न पहल गर्नुपर्दछ। यसैगरी नियमावलीमा देखिएका कतिपय अस्पष्ट सवाल र नयाँ ढङ्गले सम्बोधन गर्नुपर्ने विषयमा पनि मेरो यथेष्ट ध्यान गएको छ। राष्ट्रिय सभा र अन्तयर्गतका समितिहरूको निरन्तर पहल स्वरूप विधायन सम्बन्धी ऐन, २०८० जारी भएको छ। जसमा भएको व्यवस्थाअनुसार सरकारको तर्फबाट संसदमा पेश गर्ने विधेयक,हरू निक्यौंल गरी अधिवेशन प्रारम्भ हुनु अगावै संसदमा दर्ता गर्ने हो भने अधिवेशन अवधिभरको कार्यतालिकालाई मूर्त रूप प्रदान गर्न सहज हुने देखिन्छ। यसबाट सभाका गतिविधिहरुलाई थप व्यवस्थित र पूर्व अनुमानयोग्य बनाउन सम्भव हुन्छ। यस कार्यमा सबैको साथ र सहयोग रहने नै छ।

माननीय सदस्यहरु, विगतका अधिवेशनहरूमा मान्य सदस्यहरूले विभिन्न महत्वपूर्ण विषयमा संसदीय प्रस्तावहरु दर्ता गरी जनताका चासोका विषयलाई उजागार गर्दै सरकारलाई उत्तरदायी बनाउन खेल्नुभएको भूमिका महत्वपूर्ण छ। यस्ता कतिपय प्रस्तावहरूका कारण कानुनमा परिमार्जन सरकारका काम कारबाहीमा सुधार र गतिविधिहरू व्यवस्थित भएका दृष्टान्तहरू छन्। यो अधिवेशनमा पनि माननीय सदस्यहरुले यस्ता संसदीय प्रस्तावहरू मार्फत आम जनताका सरोकारका विषयहरू सम्बोधन गर्ने गराउने प्रयास हुनेछ भन्ने मैले विश्वास गरेको छु। माननीय सदस्यहरूले जनसरकारका विषयमा शुन्य समय विशेष समय प्रादेशिक सरोकार समय वा आकस्मिक समयमा उठाउने विषयहरू आम जन चासोका विषयहरूमा केन्द्रित हुने कुराप्रति विश्वस्त छु। माननीय सदस्यहरुले उठाएका सार्वजनिक महत्वका विषयहरुप्रति सम्बन्धित मन्त्रीको ध्यान आकर्षण गराउँदै राष्ट्रिय सभा नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित मन्त्रीले सभामा जवाफ दिने कुराप्रति सभा अध्यक्षबाट विशेष पहल हुने कुरामा माननीय सदस्यहरुलाई विश्वास दिलाउँछु। साथै यस सन्दर्भमा म सरकार र सम्बन्धित मन्त्रीहरूलाई सभामा उठेका विषयहरूप्रतिको उत्तरदायित्व बहन गर्न विशेष ध्यान आकर्षण समेत गराउँदछु।

माननीय सदस्यहरु, नेपाली जनताको ठुलो त्याग र बलिदानबाट प्राप्त व्यवस्था र संविधानकै विरुद्धमा देखिएका गतिविधिहरूलाई हामीले नजिकबाट नियालिरहेका छौं। यस सन्दर्भमा सिङ्गो राष्ट्रिय सभा नै गम्भीर बन्न आवश्यक ठानेको छु। अर्कोतिर समयमै कानून निर्माण गर्न नसक्दा ऐन कानुनको माग गर्दै सडकमा विभिन्न खालका आन्दोलनहरू भइरहेका छन्। सडकमा व्यक्त असन्तुष्टिका आवाजहरूलाई सम्बोधन गर्न हामीले निर्माण गर्नुपर्ने कानुनहरू यथासम्भव टुङ्ग्याउन र नागरिक समस्या सम्बोधन गरी सुशासन कायम गर्न सबैको पहलकदमी र साझा प्रतिबद्धता आवश्यक छ। सडकमा मुखरित विषयवस्तु र जनताले अपेक्षा गरे बमोजिम सेवा प्रवाह लगायतका विषयहरूमा गम्भीर ढंगले विचार विमर्श गरी निष्कर्षमा पुग्नु हाम्रो जिम्मेवारी र कर्तब्य हो। यसै सन्दर्भमा प्रतिनिधि सभामा विचाराधीन विधेयक,हरूमध्ये मुख्यतः प्रशासनिक संघीयतालाई मार्गदर्शन र सबलीकरण गर्न योगदान गर्ने संघीय निजामती सेवा विधेयक, २०८०, विद्यालय शिक्षा विधेयक, २०८०, नेपाल प्रहरी विधेयक, २०८१ लगायत अन्य कतिपय महत्वपूर्ण विधेयक,हरू राष्ट्रिय सभामा प्राप्त हुनासाथ प्राथमिकताका साथ कारवाही अगाडि बढ्ने र समयमै सभाबाट पारित हुने विश्वास लिएको छु।

यसैगरी यस अधिवेशनमा प्राथमिकताका साथ अन्य विधेयक,हरू सभामा प्रस्तुत हुने र नागरिकका आवश्यकता र समस्या सम्बोधन गर्ने गरी ती विधेयक,हरूमाथि गहन छलफल गरी पारित हुनेछन् भन्ने मेरो विश्वास रहेको छ। यो अधिवेशन बजेट अधिवेशन भएकोले देश र जनताको आवश्यकता र अपेक्षालाई सरकारको नीति तथा कार्यक्रम आय र व्ययको वार्षिक अनुमान तथा विनियोजन विधेयक, मार्फत पुरा गर्ने माध्यमको रूपमा लिइन्छ। आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम बजेटका

सिद्धान्त र प्राथमिकताका साथै बजेटमाथि माननीय सदस्यहरूले वस्तुनिष्ठ देशको वर्तमान आवश्यकतामा आधारित र नतिजामुखी हुने दिशामा केन्द्रित भई छलफलमा भाग लिनुहुनेछ भन्ने विश्वास लिएको छु। देशको समग्र विकासलाई सरकारको नीति र विधिमार्फत निर्देशित गरी जनताको जीवनस्तर उकास्न माननीय सदस्यहरुले खेल्ने भूमिका महत्वपूर्ण हुन्छ। राष्ट्रिय सभामा विगतदेखि नै हुँदै आएका असल अभ्यासहरूलाई अझै सुदृढ र व्यवस्थित गर्दै यस अधिवेशनमा नयाँनयाँ अभ्यासको सुरुवात गर्न सुझबुझका साथ हामी सबैको योगदान हुनेछ भन्ने अपेक्षा गरेको छु। यस कार्यमा माननीय सदस्यहरूको सभामा गरिमामय भूमिकाको लागि हार्दिक अपिल समेत गर्दछु। माननीय सदस्यहरू यही २०२५ अप्रिल ५ देखि ९ सम्म उज्वेकिस्तानमा भएको १५०औं IPU सम्मेलनमा दिगो विकास स्थायी समितिको सदस्यमा राष्ट्रिय सभाको मान्य सदस्य डाक्टर अन्जान शाक्य र स्वास्थ्य समितिमा प्रतिनिधि सभाको माननीय सदस्य सोविता गौतम निर्वाचित हुनुभएको छ। उहाँहरुलाई मेरो व्यक्तिगत तर्फबाट र सिङ्गो राष्ट्रियसभाको तर्फबाट हार्दिक बधाई एवम् भविष्यमा नेपालको तर्फबाट उक्त समितिहरुमा सक्रिय सहभागीता र योगदान रहन सकोस् भनी शुभकामना समेत व्यक्त गर्दछु। अन्त्यमा सभाको प्रभावकारी सञ्चालनमा सबैको साथ सहयोग र भूमिका हुने अपेक्षा गर्दै यो अधिवेशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

माननीय सदस्यहरू राष्ट्रिय सभाको १८औं अधिवेशनको प्रारम्भको अवसरमा राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलहरूको तर्फबाट आफ्नो शुभकामना मन्तव्य राख्नका लागि नाम प्राप्त भएको छ। अब म माननीय सदस्यहरुलाई क्रमशः समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय सदस्य कृष्ण प्रसाद सिटौला।

(१३:३८ बजे) <u>माननीय श्री कृष्ण प्रसाद सिटौला (नेपाली काँग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, आज हामी छोंटो अन्त्यरालपछि पुनः अधिवेशनमा प्रवेश गरेका छौं। म सर्वप्रथम यो अधिवेशनले विगतमा भन्दा अझ उत्कृष्ट ढंगले काम गर्न सकोस् देशको हितमा जनताको हितमा हामी सबैलाई त्यो सफलता मिलोस् म शुभकामना व्यक्त गर्न चाहन्छु। नयाँ वर्ष लागेको छ। हामी वैशाख महिनाको २ हप्ता जति बिताइसकेका छौं। नयाँ वर्षका हरेक दिनहरू हाम्रो व्यक्तिगत जीवनमा पनि सामाजिक राजनीतिक समग्र जीवनमा राष्ट्रिय जीवनमा खुसियाली आउन सकोस् र समृद्ध राष्ट्र निर्माण गर्ने अभियानमा हामीलाई सफलता मिलोस्। म सबैमा शुभकामना व्यक्त गर्न चाहन्छु। आज माता तीर्थ हो। तीर्थको अर्थ हो र मानिसले आफ्ना सम्पूर्ण कमजोरीहरूबाट मुक्त पाउने। आफ्नो सम्पूर्ण बन्धनहरूबाट मुक्त पाउने। आमाको स्मृतिबाट आमाको सम्झनाबाट जीवनमा एउटा नयाँ गति प्राप्त गर्ने आज दिन हो। त्यसैले आज हामी मातातीर्थको रुपमा आज हामी मनाउँछौं। हर नारी मेरो आफ्नो विचारमा हर नारी माताको आफ्नै आमाको अर्को रुप हुनुहुन्छ हर नारी। त्यसैले हामी हर

नारीलाई महिलालाई हेर्दा अत्यन्त श्रद्धाको दृष्टिकोणले हेर्दछौं। हामी जगत् जननी रुपमा हेर्दछौं। सृष्टिकर्ताको रुपमा हेर्दछौं। त्यसैले हामी आज देशभरि रहेका सबै आमाहरुलाई सबै नारी जगतलाई हामी श्रद्धा सुमन व्यक्त गर्न चाहन्छौं गर्दछु। म सम्पूर्ण नारी जगतमा महिला जगतमा श्रद्धेय आमाहरूमा श्रद्धा सुमन व्यक्त गर्न चाहन्छु।

हामी नेपालको राजनीतिमा नयाँ प्रवेश गर्‍यौं। २०७२ सालको संविधानबाट। आन्दोलनपछि गणतन्त्रको घोषणापछि निकै वर्ष लगाएर हामीले संविधान निर्माण गर्‍यौं ७२ सालमा घोषणा गर्न सफल भयो। यी सबैको साझा सहमतिको डकुमेण्ट हो। त्यसबेलामा संविधान जारी गर्ने अन्तिम क्षणमा पुग्दा कतिपय साथीहरूले संविधानसभा छोडेर बाहिर जानुभएको थियो र हामीले त्यसबेला बोलेका थियौं। यो संविधान भित्र यो संविधानसभाभित्र अहिले नरहेका साथीहरुलाई पार्टीहरुलाई पनि संविधान भित्र ल्याउने हामी प्रयास गर्नेछौं भनेका थियौं। र हामी सबैले मिलेर एकताबद्ध भएर सबै साथीहरुलाई ल्यायौं र हामी अहिले प्रायः हामी सबै अहिले संविधान भित्र छौं। संघीय लोकतान्त्रि गणतन्त्रात्मक शासन पद्धति भित्र छौ हामीहरु र यसको माध्यमबाट हामी देशलाई प्रगतिको नयाँ बाटोमा समृद्धिको नयाँ बाटोमा लैजान्छौ भन्ने संकल्पका साथ हामी एकताबद्ध भएर हामी प्रयास गरिराखेका छौं। तर समस्या कहाँनेरी छ भने हाम्रो मानसिकता अझै पनि संघीयता बमोजिम छैन। अझै पनि हाम्रो मानसिकता संघीय लोकतान्त्रिक गणतन्त्रको मूल मर्म र भावना अनुकूल बन्न सकेको छैन देशको मानसिकता। यो मेरो आफ्नो सोचाइ हो। अहिले पनि हामीले तीन तहको सरकार त ल्यायौ। अहिले ठ्याक्कै यो बजेट अधिवेशन अब शुरु हुने बेलामा देशभरका साथ हरुको प्रदेश सभाका साथीहरुको प्रदेश सरकारका साथीहरुको स्थानीय तहका साथीहरुको Even पार्टी संगठनको, साथीहरुको हामीलाई यस्तो प्रकारको बजेट चाहियो है भनेर केन्द्रमा आउने प्रवृति अत्यन्त विकास भएर गएको पाइन्छ। यो सबै राजनीतिक दलहरूमा पाइन्छ। कुनै एउटा विशेषमा मात्र होइन। कहीं धेरै होला कहीं थोरै होला। सिंहदरबारले नै संघीय सरकारले नै सबै काम गरिदिनपर्छ चाहे ५० लाखको बजेट होस् चाहे १ करोडको बजेट होस् भन्ने मान्यता छ। हाम्रो पनि मानसिकता झण्डै झण्डै त्यस्तै छ। संक्षिप्त एक वाक्यमा भन्ने हो भने मलाई कस्तो लाग्दछ केन्द्रिकृत, एकात्मक, सामन्ती संस्कारबाट हामी मुक्त हुन सकेकै छैनौं। हामीले नयाँ संविधान ल्यायौं तर हाम्रो काम गर्ने शैली पुरानै छ। हाम्रो ढर्रा पुरानै छ। चाहे पार्टी संगठन होस्। चाहे राज्यका संगठनहरु हुन्। सरकारका संगठनहरु हुन् हामी केन्द्रमुखी नै छौं। हाम्रो आचरण हाम्रो व्यवहारको हाम्रो मूल्याङ्कन हेर्दा। त्यसैले यो आगामी अधिवेशनबाट हाम्रो छलफलले आउने नयाँ बजेटले वास्तवमै हामी नयाँ लोकतान्त्रिक गणतन्त्रको मूल मर्म र भावना बमोजिम हामी जनताको हितमा। व्यापक काम गर्न सक्छौं भन्ने देखाउन हामी सकौं। त्यो कार्यदिशामा हामीलाई सफलता मिलोस्। नयाँ संविधान तर हाम्रो सोच शैली र हाम्रो पद्धति पुरानै खालको छ हाम्रो दिमाग। त्यसैले समस्या त्यहाँनिरबाट उठेको छ। त्यसैले

यो संविधानको मूल मर्म र भावना बमोजिम हामीहरु काम गर्न सकौं। यसबारे म शुभ कामना व्यक्त गर्न चाहन्छु।

हामी सबैलाई यो विषयमा आपसमा छलफल गर्ने, परामर्श गर्ने। चाहे हामी सत्ता पक्षका हौं चाहे प्रति पक्षका हौं। हामी आपसमा बसेर छलफल गरेर एउटा रोडम्याप बनाएर अगाडि जान सक्ने हामीलाई हौसला प्राप्त हुन सकोस्। एकता प्राप्त हुन सकोस्। एउटा राष्ट्रिय एकता प्राप्त हुन सकोस्। सत्तामा सबै पार्टीहरु रहनुपर्छ भन्ने छैन। सत्ता बहुमतको हुन्छ। प्रतिपक्षमा साथीहरु रहनुहुन्छ। तर मैले जहिले पनि भन्ने गरेको छु राष्ट्रका मूलभूत एजेण्डा मूलभूत समस्या समाधान गर्ने हाम्रो एजेण्डा के हो? त्यो विषयमा त छलफल गर्न सकिन्छ नि। राष्ट्रलाई अप्ठ्यारो पर्दा कठिनाई पर्दा नयाँ संविधान आएपछि नयाँ संविधानले जनताको अपेक्षा हामी यसरी पुरा गर्छौं भनेर संकल्प संविधानभित्रबाट गरेर। त्यो उद्देश्यमा पुग्नका लागि त हाम्रो आपसमा त्यो विषयमा छलफल हुनुपर्थ्यो। तर २०७४ सालमा संविधान बमोजिम पहिलो निर्वाचन भयो। ३ तहको सरकार आयो। राज्यका संवैधानिक निकायहरु नयाँ ढङ्गले बने। धेरै जातीय आयोगहरु बनेका छन्। अन्य संवैधानिक निकायहरु छन्। तर ती आयोगहरुले गरेको काम कारवाहीबाट तिनीहरूले निकालेको निष्कर्षबाट उनीहरूले दिएको सुझावबाट देश कति लाभान्वित हुनसक्यो? जनता कति लाभान्वित हुन सके? भन्ने विषयमा हाम्रो समीक्षा हुन सकेको छैन। स्वयम् हाम्रो आफ्नै समीक्षा हुन सकेको छैन। हामीले राज्य संचालन गर्दा चाहे स्थानीय होस् चाहे प्रदेश होस् चाहे संघ होस्। सरकारमा बसेर हामीले कार्य संचालन गर्दा हाम्रो कहीं त्रुटि भएको छ कि छैन? यो बारेमा हामीले अहिलेसम्म आत्मसमीक्षा गर्न सकेनौं। समस्या त्यहाँनेर छ। जनताका अनेकौं गुनासोहरु छन्। त्यो गुनासो हाम्राप्रति नै छ। यसकारणले गुनासो हाम्रोप्रति छ कि समाधान दिन हामीले सक्छौं भन्ने विश्वास पनि त्यहींनेर हामीसँग छ जनताको। जनताको विश्वास छ। त्यसैले हामीप्रति गुनासो छ र असन्तुष्टि पनि छ। हामीलाई हाम्रो लागि काम गर है भन्ने सुझाव हो यो। त्यो अर्थमा हामीले लिएर एकपटक गम्भीरतापूर्वक विचार गर्नुपर्ने बेला भयो भन्ने मलाई लाग्छ। यो बारेमा हामीले छलफल गरेर नयाँ ढंगले अगाडि जान सकौं। नयाँ वर्षले हामीलाई नयाँ कौशलता प्रदान गर्न सकोस् मेरो यसमा पनि शुभकामना छ।

सडकमा शिक्षकहरू आन्दोलनमा छन् निकै लामो समय भयो। मैले पहिले यो संसदमा नआउँदाखेरि पनि राष्ट्रिय सभामा नआउँदा देखि पनि संविधान जारी भए देखि नै पहिलो निर्वाचन भएदेखि नै बाहिरबाट पनि संगठनभित्रबाट पनि जनताको माझबाट पनि एउटा विषयमा एकदमै भन्ने गरेको थिएँ। खासगरी त्यो शिक्षा विधेयककै बारेमा मैले भन्ने गरेको। शिक्षा साझा अधिकारको रुपमा रहेको छ। शिक्षामा सङ्घले केही कुरा गर्न सक्छ। प्रदेशले केही गर्न सक्छ। स्थानीय तहले के गर्न सक्छ। संविधानले नै अधिकारको बाँडफाँड गरिदिएको छ। तर संघीय

सरकारबाट संघीय संसदबाट त्यो शिक्षासम्बन्धी कानुन नबनेसम्म तल शिक्षामा गुणस्तर पनि विकास हुन सक्दैन र राम्ररी चल्न पनि सक्दैन यो हाम्रो मान्यता थियो। तर अहिलेसम्म हामीले शिक्षा ऐन बनाउन सक्याछैनौं। हामी घुमिफिरी खासगरी राष्ट्रियसभामा रहेका त हामी सबै राजनीतिक दलहरु घुमिफिरी सरकारमा पुगेका छौं। घुमिफिरी बेलाबखत हामी सरकारमा पुगेकै छौं। बसेकै छौं। त्यसैले मेरो एउटा भनाई के छ भनेदेखि मेरो एउटा आग्रह के छ भनेदेखि हामी सबैले मिलेर शिक्षा विधेयकलाई टुंगोमा पुऱ्याउने प्रयास गरौं सकरात्मक सोँच राखेर। एकले अर्कोलाई आरोप लगाएर हुँदैन। मैले त गर्न खोजेथैं तिमीले गरेनौं भन्ने खालको कुरा गरेर होईन। मिलेन हामीले त्यो कुरा गर्न सक्छौं राष्ट्रिय सभाले त्यो काम गर्न सक्छ। हामी त्यो किसिमको सुझाव प्रतिनिधिसभामा रहेका हाम्रा नेता साथीहरुलाई हामी सरकारलाई दिन सक्छौं सकरात्मक सोँचका साथ। त्यसैले एउटा Constructive भूमिका हाम्रो आज आवश्यकता छ। यो राष्ट्रियसभामा रहेका हामी सबै माननीय सदस्यहरु हामी सबै राजनीतिक दलका हामी यो परिवर्तनको पक्षमा लडेका पार्टीहरु छौं यहाँ। यो परिवर्तनलाई सुदृढ गर्ने र त्यसको माध्यमबाट जनताको देशको हित गर्नपर्छ है भन्ने मान्यता बोकेका हामीहरु छौं। हाम्रो त्यत्रो ठुलो विषयान्तर छैन।त्यत्रो ठुलो अन्तर छैन हाम्रो।त्यसैले हामीले एक ठाउँमा बसेर छलफल गर्नु आजको आवश्यकता हो भन्ने लागेको छ। मैले यही मञ्च ठाउँबाट शिक्षकहरुलाई आव्हान गर्न चाहन्छु। तपाईहरु कृपया अलि बढी संवेदनशील भइदिनुस्। बढी जिम्मेवार भइदिनुस्- शिक्षक साथीहरु।तपाइहरूको यो परिवर्तन ल्याउन तपाईहरुको पनि ठुलो योगदान रहेको छ। महासंघमा रहेका सबै साथीहरुलाई म राम्ररी जान्दछु। म धेरै नै जान्दछु। देशभरका साथीहरुलाई धेरै चिन्दछु पनि। व्यक्तिगत रुपले पनि धेरै नै चिन्दछु म।परिवर्तन ल्याउन पनि उहाँहरुको रचनात्मक भूमिका छ। सहभागिता पनि छ। त्यसैले म ती सबै शिक्षक साथीहरुलाई आग्रह गर्न चाहन्छु राज्यको अर्थतन्त्रका बारेमा तपाईँहरूले अलिकति गम्भीर हुन आवश्यक छ र राज्यको क्षमताका बारेमा तपाईहरुले अलिकति सोँच्न आवश्यक छ शिक्षक साथीहरुले पनि। त्यसैले तपाईले उठाएका मागहरुलाई संविधान भित्रबाट मात्र यो Parliament ले सम्बोधन गर्न सक्छ है भन्ने कुरा तपाईहरुले बुझ्दिनपर्छ। संविधानिभत्रबाट समाधान दिन सक्ने विषयमा हामीले पनि तदारुकताका साथ उहाँहरुसँग वार्ता गरेर समाधान हामीले खोज्नपर्छ। धेरै लामो भएको छ विद्यालयको पठनपाठन रोकिएको छ।सार्वजनिक विद्यालयको पठनपाठन रोकिएको छ। खासगरी आर्थिक स्थिति कमजोर भएकै अभिभावकको छोराछोरी पढ्ने विद्यालयहरूको पठनपाठन रोकिएको छ। परीक्षा सरेको छ। अब फेरि परीक्षा नसरोस्। मेरो विशेष आग्रह छ शिक्षक साथीहरुलाई पनि यहाँबाट। तपाईहरु सरकारसँग गम्भीरतापूर्वक छलफलमा रहनुस्। दलहरुसँग छलफलमा रहनुस् र एउटा विचार बोकेर एउटा विश्वास बोकेर

तपाईंहरु कृपया विद्यालयतर्फ फिर्ने र बाटो पनि तपाईंलाई खोज्नुपर्छ भनेर म शिक्षक साथीलाई म आह्वान गर्न चाहन्छु। अनुरोध गर्न चाहन्छु। निवेदन गर्न चाहन्छु।

अर्को कुरा मैले अब हामी बजेट अधिवेशनमा प्रवेश गर्दैछौं। अब केही दिनपछि नै लगत्तै नीति कार्यक्रम हामीलाई आउँछ। त्यसपछि बजेट आउँछ। यहाँ सरकारका मन्त्रीज्यूहरू हुनुहुन्छ।म उहाँहरुमार्फत प्रधानमन्त्रीज्युलाई र अर्थमन्त्रीज्युलाई विशेष मेरो आग्रह छ। पुरानै ढर्राको बजेट नल्याउनुस्। देशमा उत्पादन वृद्धि हुनुपर्‍यो। अहिले देशभरि चलेको एउटा के हो भने जति पनि मैले थाहा पाउँछु बाटो बाटो बाटो, सडक सडक सडक। जति पनि demand हरु लिएर स्थानीय तहका साथीहरु पार्टी संगठनका साथीहरु सर्वदलीय रुपबाट आउनुहुन्छ धेरै। आफै मात्र आउँदा पनि के कुरा लिएर आउनुहुन्छ भने सडक चाहियो। यसमा त १ करोड रुपैयाँ खर्च भए पुग्छ, यस्तो खालको। मलाई के लाग्छ भने उत्पादन वृद्धि हुने कार्यक्रम के हो? किसानले खेती बाँझो राख्नु हुँदैन है राखेदेखि त्यो लिलाम हुन्छ है भन्ने खालका आशय राज्यका विभिन्न तहबाट आउँछन्। तर किसानले गर्ने उत्पादन कृषकले गर्ने उत्पादन जुन छ त्यो उत्पादनमा सरकारले दिने सहुलियत र सुविधा के हो आर्थिक। उसले गरेको उत्पादन उत्पादन भएको बेलामा बिक्री गर्ने पद्धति के हो। उसलाई घाटा नलागीकन उत्पादनमा सरिक गराउने तरिका के हो, नीति के हो? यो बारेमा यस्तो बारेमा उत्पादन वृद्धि हुने बारेमा किसानको खेतबारी बाँझो नरहोस् मात्रै भनेर पुग्दैन। हामीले जग्गालाई सानो सानो सानो टुक्रा पार्दै लिएर गएर कानुनले नै यति बिगाहा भन्दा माथि राख्न पाउँदैनस्। स्थिति कहाँनिर पुग्दै गएको छ भने गरिब किसानका छोराछोरी विदेशतिर गएका छन्। खासगरी अरब खाडीतिर गएका छन्।थोरै थोरै १० कठ्ठा १५ कठ्ठा, १ बिगाहा, पहाडमा रहेको त्यस्तै गरी थोरै थोरै रोपनी जग्गा बाँझो त्यसै अलपत्र परेका छन्। खेती गर है भनेर हामीले त भन्नुपर्‍यो नि त राज्यबाट, विभिन्न तहबाट भन्छौं। राज्य भनेको संघलाई मात्र म भन्दिनँ। सरकार ३ तहको छ। तर खेती गरेर किसानलाई फसल हुँदैन। किन फसल हुँदैन मलखाँद छैन। बीउ बीजन मल पाउँदैन।सिँचाईको प्रबन्ध छैन। यसरी कहाँ मुनाफा हुन्छ? त्यसैले गर्दा लगानी श्रमको कुरा छोड्नुस्। लगाएको लगानी पुँजीको पनि उसले प्रतिफल पाउँदैन। त्यसैले खेतबारी बाँझो हुन्छ। त्यसैले मेरो त एउटा आग्रह छ। मन्त्रीज्युहरु यहाँ हुनुहुन्छ। अर्थमन्त्रीज्युलाई सुनाइदिनुहोला यो उत्पादन वृद्धि हुने खालको कार्यक्रम विशेष ढङ्गले ल्याउनुहोला। अत्यन्त ठुलो बजेट घाटामा देश जान थालेको छ वैदेशिक बजेट घाटामा। त्यो नहोस्। निर्यातमूलक उत्पादन वृद्धि कसरी गर्न सकिन्छ? नयाँ सोँच्नुस्। नयाँ Dealing हामीले गर्नसक्नुपर्छ।

मैले भन्ने गरेको छु मलाई कस्तो लाग्छ भने बहुत ठुलो संघर्ष र बहुत् ठुलो परिवर्तन हो नेपालको सन्दर्भमा। सानो परिवर्तन होइन यो अत्यन्तै ठुलो परिवर्तन हो।जुन देशमा हामीहरु

दरबारको बारेमा राजपरिवारका बारेमा बोल्न सक्तैनथ्यौं। अदालतमा प्रश्न उठाउन सक्दैनथ्यौं। उठाइसकेपछि मुद्दा लाग्थ्यो, जेल जानपर्थ्यो। त्यो देश अहिले गणतन्त्रमा छ। जनताको सर्वोच्च व्यवस्था छ। जनताले जनताको लागि जनताको प्रतिनिधिद्वारा शासन गर्ने व्यवस्था छ। जनताको शासन व्यवस्था हो यो। हामी जनताका प्रतिनिधि हौं। यसले जनताको हितमा कति काम गर्न सक्यो? काम गर्नको लागि त हामीमा परिवर्तन जसरी अत्यन्त नयाँ हो। हामी पनि अत्यन्त नयाँ ढंगले नीति निर्माण गर्दा नयाँ ढंगले परिवर्तित हुन सक्नुपर्थ्यो। हामी त्यो हुन सकेनौं। त्यसैले अझै पनि धेरै लामो वर्ष त भएको छैन। अरु देशहरुमा पनि देखिन्छ। कि संविधानसभाबाट संविधान बनेका देशहरुमा नाम लिन म आवश्यक ठान्दिनँ हामी सबै जानकार छौं धेरै वर्षसम्म त संविधान Accept गराउन नै समय लागेको छ। यहीं भारतमा पनि देखिन्छ। धेरै समय त संविधान Accept गराउनै समय लागेको छ। तर बिस्तारै बिस्तारै प्रगति हुँदै गएको छ। कतिपय संघीयता भएका देशहरुको हामीहरुले अध्ययन गऱ्यौं। प्रदेश सरकार जुन ठाउँमा राम्रो छ प्रदेशको राज्य व्यवस्था जुन ठाउँमा राम्रो छ। Province को जुन ठाउँमा राम्रो व्यवस्था छ अत्यन्त प्रगति हुँदै गएको छ। जहाँ जुन प्रदेशको राज्य व्यवस्था राम्रो हुन सकेन त्यो कमजोर भएर पछाडि धकेलिएको छ। त्यो छिमेक भारतमै देखिन्छ। केरलाको प्रगति बेग्लै छ।पन्जाबको बेग्लै छ। आसामको समस्या बेग्लै छ। बंगालको समस्या बेग्लै छ। त्यसैले हामीले संघीयता बमोजिम देशलाई अगी बढाउनको लागि अर्थ नीतिमा नयाँ ढंगले जानुपऱ्यो। हामीले संविधान जारी गर्ने बेलामा नेताहरुले बोल्ने बेलामा हामीले भनेका छौं। हामीले बोलेका छौं।

विधेयक प्रस्तुत गर्दा मैले आफैले पनि बोलेको छु एउटा कुरा कि कर्णाली प्रदेशको उदाहरण लिएर हामीले भनेका छौं। कर्णाली प्रदेश आज विभिन्न कारणले सानो प्रदेश देखिन्छ। आर्थिक दृष्टिले कमजोर प्रदेश देखिन्छ तर भविष्यमा सबभन्दा बलियो प्रदेश बन्न सक्छ। संघीय सरकारले अरु प्रदेशहरुभन्दा विशेष ढंगको सहयोग र सुविधा कर्णाली प्रदेशमा पुऱ्याउन सक्नुपर्छ। तब मात्र त्यहाँको जलस्रोतको विकास होला। जडिबुटीको विकास होला। हामीले भनेका छौं हिमाली क्षेत्रमा बाटो बनाउन पहाडी क्षेत्रमा धेरै कठिन छ। पहाडी क्षेत्रमा बाटो बनाउन तराईमा भन्दा धेरै कठिन छ। त्यसैले बजेटको तुलना गर्दा सन्तुलित बराबर बजेट हुन सक्दैन। त्यसैले कर्णाली प्रदेशलाई व्यापक ढंगले संघले विशेष प्राथमिकतामा राखेर त्यहाँको उत्खनन् त्यहाँको विकासलाई अभियानको रुपमा लिएर जानु अघि विशेष सहयोग पनि गर्नुपर्छ है भनेर बोलेका छौं। त्यसैले यस्तो विषयमा पनि सरकारले गम्भीरतापूर्वक सोंचोस् कर्णालीको बारेमा भन्ने मेरो विशेष आग्रह पनि छ। अहिले जति पनि कुराहरु आउँछन्। कसैले भन्दैन कि मेरो गाउँपालिकामा मेरो नगरपालिकामा प्राविधिक शिक्षालय चाहियो। ताकि त्यो शिक्षालयमा त्यो

विद्यालयमा पढिसकेर निस्कि सकेपछि त्यो विद्यार्थी आफ्नो खुट्टामा उभिन सक्ने बनोस्। विदेशमा गइहाल्यो भने राम्रो जागिर खानसक्छ। राम्रो तलब भत्ता पाउन सक्छ। कसैको मानसिकता छैन प्राविधिक विद्यालय खोल्नुपर्छ भनेर कयौं कुरा। जहाँ जुन शिक्षा पद्धतिको विकासमा पनि शिक्षाको क्षेत्रमा पनि कसरी विद्यार्थीहरु विद्यार्थी जीवनबाट घर आइसकेपछि आफ्नो परिवारलाई आफ्नो समाजलाई आफ्नो देशलाई बनाउने सक्ने क्षमतावान् बन्न सक्छन् भन्नेतर्फ हाम्रो ध्यान पुग्न सकेको छैन। शिक्षामा आमूल परिवर्तन चाहिएको छ। आमूल परिवर्तन गणतन्त्र त आयो। तर आमूल परिवर्तन शिक्षामा आउन सकेन। धेरै मेडिकल कलेजहरु खुलेका छन्। प्रगति हो यो। म मान्दछु। तर त्यो मेडिकल कलेजको अस्पतालमा हुने गरिब जनताका छोराछोरीको उपचारमा के सुविधा छ? कति निःशुल्क उपचार हुन्छ त्यहाँ हामीले खोजी गरेका छौं? धेरै मेडिकलहरु खुले। हाम्रा छोराछोरीहरु धेरै यहीं देशमै डक्टर बने। राम्रो उपलब्धि हो। राम्रो विकास हो। तर त्यसको हामीले केही समीक्षा गरेका छौं। अडियो नबुझिएको...

(१४:०३ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य नारायण काजी श्रेष्ठ ।

(१४:०४ बजे) <u>माननीय श्री नारायण काजी श्रेष्ठ (नेपाली कम्युनिष्ट पार्टी माओवादी केन्द्र)</u>ः- सम्माननीय अध्यक्षज्यु, हामी राष्ट्रियसभाको १८औं अधिवेशनमा प्रवेश गरिराखेका छौं। यस अधिवेशनले आम रुपमा विधेयक अधिवेशनका रुपमा क्रियाशील हुने स्थितिको बिचबाट हामी अगाडि बढ्नेछौं। त्यसैले यस अधिवेशनमा विधेयकहरुलाई पारित गरेर कानुनको रुप दिने प्रक्रियामा पनि हामी सफल हुन सकौं। र साथसाथै नेपाली जनताको लोकतान्त्रिक आवाजको एउटा प्रखर अभिव्यक्तिको थलो यो अधिवेशन हुन सकोस् र साथसाथै आजको नेपालको विशिष्ट अवस्थामा संविधान र लोकतन्त्रको रक्षा गर्न नेपाली समाजमा आशा जगाउन संसदमा हामीले खेल्ने भूमिकाले प्रभावकारी परिणाम दिन सकोस्, सन्देश दिन सकोस् त्यसमा हामी सफल हुन सकौं। यसको निम्ति म सबैमा शुभकामना दिन चाहन्छु।

त्यसैगरी हामी अहिले २०८२ को नयाँ वर्षमा छौं। यो नयाँ वर्षमा म सम्माननीय अध्यक्षज्यु सहित सबै माननीय सदस्यज्युहरुको नेपाली जनताको सुस्वास्थ्य, प्रगति, दिर्घायू र आनन्दमय जीवनको निम्ति हार्दिक शुभकामना दिन चाहन्छु। साथसाथै सम्भवतः यो वर्ष हामीले धेरै जटिलता र चुनौतीहरुलाई चिर्दै अगाडि बढ्नुपर्ने वर्ष हुनेछ। त्यसकारणले गर्दा खेरि हामीले नेपाली जनताले हजारौं हजारको बलिदान पछाडि प्राप्त गरेको अहिलेको उपलब्धिको रक्षा गर्न यो उपलब्धिहरुलाई सामाजिक आर्थिक रुपमा विस्तारित गर्न त्यसमा देखा परेका खतराहरुलाई

परास्त गर्न र देशलाई स्वाधीन सुन्दर लोकतान्त्रिकको साथसाथै समृद्ध नेपाल बनाउन पनि हामीले यो वर्ष सबै प्रकारका अप्ठेरा र चुनौतीहरुलाई चिर्न सफलता प्राप्त गर्न सकौं। त्यसको निम्ति सबैले आ-आफ्नो ढंगबाट आ-आफ्नो ठाउँबाट प्रभावकारी भूमिका खेल्न सकौं त्यसको निम्ति पनि शुभकामना दिन चाहन्छु।

त्यसैगरी आज नेपालीहरुले मनाउने मातातीर्थ औंसीको पर्व पनि हो। यस अवसरमा म सबै नेपाली आमाहरुप्रति हार्दिक अभिनन्दन गर्दै सबैमा शुभकामना पनि व्यक्त गर्न चाहन्छु। साथसाथै केही दिन अगाडि अप्रिल २२ वैशाख ९ गते हाम्रो छिमेकी मुलुक भारतको काश्मिरमा पहलगार्डमा निहत्था पर्यटकहरुमाथि आतंकवादी हमलामा नेपाली सन्दीप न्यौपानेसहित २ जनाभन्दा बढीको मृत्यु हुन पुगेको छ। त्यस आतंकवादी हमलाको म घोर भर्त्सना गर्न चाहन्छु। सन्दीप न्यौपानेसहित सबैप्रति श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। शोकाकुल सबै परिवारजनहरुमा समवेदना प्रकट गर्न चाहन्छु र हाम्रो छिमेकी मुलुक जहाँ यो घटना घट्यो आतंकवादको प्रहार त्यहाँ भयो। भारत सरकार र भारतीय जनताप्रति हार्दिक सहानुभूतिसहित आतंकवाद विरुद्धको जायज र न्यायपूर्ण संघर्षमा प्रतिबद्धता पनि प्रकट गर्न चाहन्छु। हामी सबै मिलेर विश्वमा आतंकवादलाई जायज र नयायपूर्ण विधिद्वारा परास्त गर्न सकौं। त्यसको निम्ति पनि म शुभकामना दिन चाहन्छु। अपिल पनि गर्न चाहन्छु।

आज १८औं अधिवेशनको पहिलो दिन सामान्यतया तीतो पिरो कुरा गर्ने धेरै कुराहरु आजै प्रस्तुत गर्ने स्थितिमा जान नपाए हुन्थ्यो भन्ने स्वभाविक हुन्छ। तर देशको अहिलेको परिस्थिति अत्यन्तै गम्भीर छ। संवेदनशील छ। धेरै चुनौतीको डिलमा हामी छौं। र यसलाई अनदेखा गरेर बस्नु कुनै पनि कोंणबाट उपयुक्त हुँदैन। त्यसकारणले गर्दा खेरि मैले देशको अहिलेको परिस्थिति र हाम्रो कार्यभारको बारेमा हामी सबैले खेल्नुपर्ने भूमिकाको बारेमा संक्षेपमा चर्चा गर्नेछु। नेपालमा जो ६ दशकभन्दा बढीको अथक बलिदानीपूर्ण संघर्षपछि युगान्तकारी राजनीतिक परिवर्तन भयो। त्यो राजनीतिक परिवर्तन आज संघीय लोकतान्त्रिक गणतन्त्रको राजनीतिक प्रणाली र समावादोन्मुख समावेशी लोकतन्त्रको लोकतान्त्रिक मर्म र अन्तरवस्तुसहित संविधानमा संस्थागत भएको छ। म यो कुरामा बारम्बार जोड गरिराख्याछु। नेपालको लोकतान्त्रिक संघर्षको उपलब्धि संघीय लोकतान्त्रिक गणतन्त्र मात्र हैन। यो नयाँ प्रकारको लोकतन्त्र हो। जसलाई हामी समग्रमा भन्ने हो भने समाजवादोन्मुख समावेशी संघीय लोकतान्त्रिक गणतन्त्र भन्न सक्छौं। समाजवादोन्मुख समावेशी लोकतन्त्रको यो पक्षलाई कमजोर पारेर उपेक्षा गरेर नेपालको राजनीतिक परिवर्तनको विशेषतालाई ठिक ढंगले सम्बोधन गरिएको हामी भन्न सक्तैनौं। यो परिवर्तन पछाडि आज हाम्रो प्रमुख राष्ट्रिय कार्यभार सामाजिक आर्थिक रुपान्तरण हो। राजनीतिक परिवर्तनका उपलब्धिहरुलाई सामाजिक आर्थिक क्षेत्रमा विस्तारित

गरेर सामाजिक आर्थिक रुपान्तरणको प्रक्रियालाई तीव्र पार्दै आर्थिक समृद्धिको प्रक्रियालाई तीव्र पार्ने त्यसलाई फड्कोको बिन्दुमा पुऱ्याएर यो राजनीतिक परिवर्तनबाट हामीले राजनीतिक उपलब्धि र अधिकार त भोग गरिसकेका नै छौं। त्यस बाहेक यो राजनीतिक परिवर्तनले हामीलाई नयाँ जीवन दियो भन्ने अनुभूति आम जनतालाई गराउन सक्नु आजको आवश्यकता हो। हाम्रो प्रमुख राष्ट्रिय कार्यभार हो। शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्यान्न, आवास, बाटोघाटो, सूचना, सञ्चार, बिजुली, खानेपानी लगायतका नेपाली जनताका दैनिक आवश्यकताहरु पूरा गरेर यो राजनीतिक परिवर्तनलाई माध्यम र साधन बनाएर हामीले सामाजिक आर्थिक रुपान्तरण विकास र समृद्धिको प्रयोगलाई तीव्र पार्दै फड्कोको बिन्दुमा पुऱ्याउनुछ र आम जनतालाई हामी राजनीतिक अधिकार मात्र प्राप्त गरेको होइनन्। हामीले नयाँ जीवन प्राप्त गर्यौं भन्ने अनुभूति दिलाउन सक्नु छ। त्यो आजको प्रमुख राष्ट्रिय कार्यभार हो। यस दिशामा हामीले कति काम गर्यौं भनेर समीक्षा गर्नुपर्ने अवस्था छ। निश्चित रुपमा राजनीतिक परिवर्तन पछाडि सकारात्मक केही काम भएका छन्। आज निरंकुश राजतन्त्रका पक्षधर भन्नेहरूले वा आजको परिवर्तनलाई उल्टयाउन चाहने प्रतिगामी शक्तिहरूले भन्ने गरे जस्तो केही पनि सकारात्मक उपलब्धि भएका छैनन् भन्ने होइन। सकरात्मक उपलब्धिहरु भएका छन्। परिवर्तनले जनतालाई उपलब्धि दिएको छ। आर्थिक सामाजिक क्षेत्रमा पनि दिएको छ। तर यो कुरा निश्चित हो कि जुन युगान्तकारी राजनीतिक परिवर्तन हामीले हाँसिल गर्यौं। त्यो परिवर्तनमा अन्तर्निहित देश भएजस्तो नेपाली समाजको आजको आवश्यकतालाई पूरा गर्ने गरी र नेपाली जनताको अपेक्षा अनुसार हामीले आर्थिक विकास र समृद्धिको प्रक्रियालाई तीव्रता प्रदान गर्दै फड्कोको बिन्दुमा भने पुर्याउन सकेका छैनौं। र एकातिर जे परिवर्तनहरू सकारात्मक उपलब्धिहरु भएका छन्। त्यसलाई जनतामा ठीक ढङ्गले सम्प्रेषित गर्नमा पनि केही समस्याहरू हामी बीचमै रहेका छन्। सहमतिको अभाव एकताको अभाव सहकार्यको अभाव एकअर्काको खुट्टा तान्ने प्रवृत्तिले नकारात्मक चिजै नकारात्मक चिज पस्किएको जस्तो स्थितिले पनि जनतामा एउटा भ्रमात्मक स्थिति पैदा भएको छ भने अर्कोतिर हामीले नेपाली जनताले चाहेजस्तो र आजको आवश्यकताको स्तरको सामाजिक आर्थिक रुपान्तरणको प्रक्रियालाई तीव्र पारेर फड्कोको बिन्दुमा पुऱ्याउन नसकेको हो भन्ने कुरा हामीले स्वीकार गर्नुपर्छ। त्यसकारणले जनतामा एक प्रकारको आक्रोस असन्तुष्टि र निराशा पनि देखा परिराखेको छ। र यो पृष्ठभूमिमा आज हाम्रो प्रमुख राष्ट्रिय कार्यभार सामाजिक आर्थिक रुपान्तरण विकास र समृद्धिको हुँदाहुँदै पनि त्योसँग जोडिएर आज यथास्थिति वादमाथि परास्त गर्नु र यथास्थितिवादलाई टेकेर टाउको उठाउन खोजिएको शिर उठाउन खोजिरहेको सल्बलाउन खोजिरहेको प्रतिगामी शक्तिहरूलाई पनि परास्त गर्नुपर्ने आजको आवश्यकता छ।

त्यसैले यो आवश्यकताको बिचबाट सरकारले शान्ति प्रक्रियाको बाँकी काम संक्रमणकालीन न्यायसँग सम्बन्धित काम पनि पूरा गर्नु छ। यो कुरालाई केन्द्रबिन्दुमा राखेर हामीले सरकारको भूमिका, प्रतिपक्षको भूमिका, राजनीतिक पार्टीहरूको भूमिका, संसदको भूमिका, तीनै

तहको सरकारहरूको भूमिका नागरिक समाजको भूमिकालाई हेर्न जरुरी छ कि हामी कतातिर जान्छौ र के गर्नु जरुरी छ। यसरी हेर्दा सबभन्दा मुख्य भूमिका नेतृत्वदायी भूमिका सरकारको हुन्छ। सरकारले यस सन्दर्भमा कुन दिशातिर आफूलाई अगाडि बढाइराखेको छ भन्दा दुःखका साथ भन्नुपर्छ। सरकारले आजको विकास र समृद्धिको प्रक्रियालाई तीव्रता प्रदान गर्न मुख्य शर्त, पूर्व शर्त जस्तो सुशासन हो। भ्रष्टाचारको प्रभावकारी नियन्त्रण र विधिको शासन स्थापित गर्नु हो र लोकतन्त्रको मान्यताहरूलाई आत्मसात् गर्दै देश र जनताप्रति जवाफदेहीता पुरा गर्नु हो।त्यो दिशातर्फ सरकारले आफुलाई सकरात्मक रुपमा प्रस्तुत गर्न सकेको छैन। र उसको आचरण र काम कारवाहीहरु त्यसअनुरुप हुन सकेको छैन। म यसमा यसमा लामो चर्चा गर्न पनि आवश्यक देख्दिनँ। किनभने प्रष्ट नै छ। म खाली ध्यानाकर्षण मात्रै गराउन चाहन्छु। आज म लामो चर्चा गरेर त्यसमा प्रहार पनि गर्न चाहन्न तर भ्रष्टाचारको कोणबाट हेरौं। साधारण कुरा हाम्रो सरकारले जुन केसमा भ्रष्टाचार भयो। अनियमितता भयो भनेर हामीले मुद्दा चलायौ। त्यो अन्तर्गत त्यो हामीले मुद्दा चलाए अनुसार अवैधानिक काम नै भएको रहेछ भनेर जग्गा पनि सरकारको नाममा ल्याइसक्यो। त्यो मुद्दा सरकारले किन फिर्ता लियो।त्यसको औचित्य के छ? जे गरे पनि हुन्छ? जनता र अरूले आँखा चिम्म गरेर बसेका छन्। कान बन्द गरेर बसेका छन्। किन फिर्ता लियो? त्यो बाहेक अरु पनि हामीले मुद्दा चलाएको वैधानिक आधार कानुनी आधार हुँदाहुँदै गम्भीर मुद्दाहरूमा मुद्दा फिर्ता लिएका अरू उदाहरणहरु पनि छन्।यसले सुशासनका अभियानलाई उल्ट्याउने दिशातिर सरकार गएको छ भन्ने पुष्टि हुन्छ।

दोस्रो कुरा म तपाईंहरुलाई भन्न चाहन्छु कि आज सत्तारुढ गठबन्धनको सरकार संचालनको संयन्त्रमा रहेको गठबन्धनको प्रमुख पार्टीका प्रमुख नेताहरुले नै प्रधानमन्त्रीको बेड रूपमा बिचौलियाले स्थान पाउन थाल्यो भनेर भनिराख्नुभाछ।यसले पुस्टि गर्देन कि कति गम्भीर कुशासनको प्रक्रियामा सरकार अगाडि बढ्दैछ। भ्रष्टाचारलाई बिचौलियाको प्रवृतिलाई प्रोत्साहित गर्दैछ। यो भन्नु किन आवश्यकता छ भने त्यस्ले गर्दाखेरी यथास्थितिलाई हाबी भयो र त्यसले गर्दा खेरी प्रतिगमनले टाउको उठाउन थाल्यो। हेरेर बस्था खेरी चुपचाप लागेर एकदम भलादमी पारेर बस्ने स्थिति नै छैन। देश बर्बाद हुने भयो। त्यसै गरी विधिको शासन कुरा गर्यो भने ३-४ ओटा मात्रै उदाहरण हेर्नुस् लाज लाग्छ। यो कुनै प्रतिपक्ष पार्टीको नेता वा सांसदले बोल्यो भनेर कोणबाट हेर्न मिल्ने स्थिति नै छैन सबैले छातीमा हात राखौं।

एउटा विद्युत प्राधिकरणको कार्यकारी प्रमुखलाई उठाउनुपर्ने पैसा उठाउन नदिने र त्यसबापत उठाउन खोजे बापत सिङ्गो दुई तिहाईको सरकार उसको विरुद्धमा जाने अन्तत केही अवधि ३-४ महिना बाँकी हुँदा निस्काशन गर्ने कुरा के सही छ? मेरो आँखा तिर पनि हेर्नुपर्दैन। तर सबैले छातीमा हात राखेर सही छ? यहाँ के विधिको शासनको सुशासनको पक्षपोषण गर्छ? एउटा त्रिभुवन विश्वविद्यालयको कुलपतिलाई राजीनामा दिन बाध्य बनाइयो। नीति तथा कार्यक्रम पनि पारित

गर्न नदिएको। परिषद्को बैठक कार्य समितिको बैठक सिंहदरबारमा बोलाइयो। नीति कार्यक्रम पारित गर्न दिइएन र चाहिँ भी.सीले राजीनामा दिन बाध्य भए। यहीँ हो त विधिको शासन? सुशासन? अहिले आफ्नै सरकारको शिक्षा मन्त्रीज्यू शिक्षकहरूको आन्दोलनलाई सम्बोधन गर्ने प्रक्रियामा अगाडि बढ्ने क्रममा सहयोग नपाएपछि राजीनामा दिनुपर्ने वा राजीनामा दिनको मनोवैज्ञानिक वातावरण तयार पार्ने काम भयो। त्यसले सकारात्मक सन्देश दियाछ? दिन्छ? अरु त अरू गभर्नरको स्थिति हेर्नुस्। कानुनी व्यवस्था छ। एक महिना अगाडि गभर्नरको नियुक्ति हुनुपर्छ। जे गरे पनि हुने? एक महिना त कुरा छोड्नुस्। कति समयसम्म समिति नै बनेन, समिति बन्यो एक महिनासम्म बैठक भएन। बैठक नभएको कारणले एकजना सदस्यले समिति समिति सिफारिस सदस्यले राजीनामा दिनुभयो। र अहिले सत्तारुढ गठबन्धनको एउटा प्रमुख पार्टीको प्रवक्ताले खुलै भनिदिनु भयो। विद्युत प्राधिकरणको कार्यकारी प्रमुख चाहिँ हामीले एमालेलाई दियौं। गभर्नर चाहिँ हाम्रो पार्टीले पाउनु पर्छ भनेर बोलिदिनुभयो। यो देश कता लइजान खोजिदै छ? यसरी चल्छ? अनि प्रतिगमन मुर्दावाद प्रतिगमन मुर्दावाद भनेर मात्रै प्रतिगमन परास्त हुने हो र? हामीले यो लोकतान्त्रिक व्यवस्था अनुसार अनुसरण गर्न सकेउ र लोकतन्त्र मार्फत सामाजिक आर्थिक रूपान्तरण गर्न सकेउ जनतालाई डेलिबरी गर्न सक्यौं भने प्रतिगमन मुर्दाबाद धेरै भनिरहनु पर्दैन। प्रतिगमन हुँनै सक्दैन। यो विधिको शासनको यो धज्जी उढाइ रहने काम किन भइराखेको छ? अनि कोही बोल्नु पर्दैन? यसलाई हस्तक्षेप गर्नु पर्दैन? जे त हो हो। चलिराख्या छ भनेर तैचुप मै चुप हुने हो त? त्यसरी देश चल्दैन।

अर्को कोणबाट हेर्नुहोस्। लोकतन्त्रको एउटा मुख्य पक्ष जिम्मेवारी बोध हो। जवाफदेहिता हो। जवाफदेहीको कोणबाट हेर्नुस् आज २६ दिनदेखि आदरणीय शिक्षकहरू आन्दोलनमा छन्। यो आन्दोलनका मुद्दाहरूलाई लिएर यो भन्दा अगाडि पनि उहाँहरूले सङ्घर्ष गर्नुभएको तर हामीले समयमै शिक्षकहरूसँग वार्ता गरेर सम्झौता गरेका थियौं। आज शिक्षकहरूले यो सम्झौता कार्यान्वयनको प्रक्रिया जो ऐन विधेयक पारित छिटो गरेर हुन्छ। त्यो प्रक्रिया हामीले अगाडि बढाएका थियौ हाम्रो सरकार रहेन। अहिले उहाँहरूकोमा पनि त्यो सम्झौता कार्यान्वयन होस् र चाहिँ छिटोभन्दा छिटो विधेयक पारित होस् ऐन बनोस् भन्ने छ। आज सकारात्मक वार्ताद्वारा त्यो सम्बोधन गर्ने त कुरा त के हो हो प्रधानमन्त्री नै शिक्षकहरूलाई व्यङ्ग्य गरेर बोल्ने। शिक्षा मन्त्री हुने व्यक्तिले सडकबाट ऐन बन्दैन भनेर सुरु मै आक्रमण गर्ने। यो के तरिका हो? अनि आज त ठुलो लाठि चार्जबाट ५०/६० जना शिक्षकहरू घाइते पनि हुनु भाछ। यसरी अगाडी वढ्दैन। म विनम्रतापूर्व दृढतापूर्व अपिल गर्न चाहन्छु। शिक्षकहरूको माग छिटो भन्दा छिटो सम्बोधन गरियोस् र शिक्षकहरूलाई छिटो पठन पाठनमा फर्काउने व्यवस्था होस्। शिक्षाको क्षेत्रमा अघि मेरा मित्र माननीय कृष्ण प्रसाद सिटौलाले केहीँ कुरा भन्नुभयो। त्यसमा सहमत छु। धेरै पहिला देखि हामी वहसमा सरकारमा हुँदा खेरी देखि नै बहस गरिराखेका छौं। यि शिक्षाको क्षेत्रमा

हामीले जति लगानी गरेका छौं। जति ध्यान दिएका छौं। त्यो पर्याप्त छैन। शिक्षा क्षेत्र भनेको यस्तो क्षेत्र हो जहाँ एउटा नागरिक एउटा ५ वर्ष उमेरदेखि करिब करिब २२/ २५ वर्ष उमेरसम्म शिक्षालयमा बस्छ। विद्यालयमा बस्छ युनिभर्सिटीमा बस्छ र उसको दृष्टिकोण निर्माण हुन्छ। उसको चेतना निर्माण हुन्छ। उसको ज्ञान निर्माण हुन्छ र उ कस्तो नागरिक बन्ने हो भन्ने कुरा निर्धारित हुन्छ। त्यो ठाउँमा चाहिँ हामी लगानी नगर्ने। समाज कस्तो बन्छ? देश निमार्णमा कस्तो हुन्छ भने त्यसमा निर्धारित हुन्छ। शिक्षा भनेको पूर्वाधारको पनि पूर्वाधार हो। तर हामी त्यता तिर ध्यान दिदैनौं। त्यसकारणले हमीले शिक्षामा आमूल परिवर्तनको निम्ति विशेष ध्यान केन्द्रित गर्नुपर्छ। लगानी पनि केन्द्रित गर्नुपर्छ। शिक्षकहरूको नयाँ व्यवस्थापन गर्नु पर्छ। दरबन्दी सिर्जना गर्नुपर्छ। Curriculum नयाँ बनाउनु पर्छ र नयाँ ढङ्गले अगाडि बढ्नुपर्ने हुन्छ। त्यसका निम्ति आज म जोडदिएर भन्न चाहन्छु। छिटो भन्दा छिटो सरकारले शिक्षकहरूका आन्दोलनका मागहरूलाई सम्बोधन गरोस् र उनीहरूलाई विद्यालयमा पठाउने सुनिश्चित गरोस् हामी आफ्नो तर्फबाट सम्पूर्ण सहयोग गर्न तयार छौं।

त्यसैगरी मिटरव्याजी समस्या। ठुलो पीडाको विषय हो। विशेषतः तराईं मधेसमा यो समस्या गम्भीर रुपमा बिध्यमान छ। साधारण आफ्ना केही समस्याहरू समाधान गर्न दश हजारको ऋण लिने। दश लाखको कागज गराउने २५ लाखको घर घडेरी रजिष्ट्रेसन पास गरेर लिने। र अन्ततः १० हजार लिएकोमा १० लाख तिरे पनि न तमसुक फर्कन्छ। न घर घडेरी। रजिष्ट्रेशन पसि फिर्ता हुन्छ। यसको पीडाबाट नेपाली ती पीडित मिटरव्याजबाट पीडितहरूलाई मुक्त गराउनका निम्ति हामीले कानुन बनायौं। हामीले आयोग बनायौं। हामीले सबै हरेक जिल्ला प्रशासन कार्यालयमा सहजीकरण समिति बनायौं। र त्यस अन्तर्गत २६००० को उजुरी परेकोमा ५००० लाई हामीले सहीं ढङ्गले पीडाबाट मुक्त गर्ने र न्याय दिने फैसला पनि गर्यौं। त्यसपछि उमलिङ तर अहिले सरकारले के गरिराखेको छ? फेरि अर्को आयोग बनाइदिने? कानुन कार्यान्वयन गर्न पर्दैन? प्रहरी प्रशासनलाई सक्रिय बनाउनु पर्दैन? पीडितहरूलाई न्याय दिनु पर्दैन? यो दिशा तिर म सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। मिटरव्याजी पीडितहरूले फेरि आन्दोलन गर्नु पर्ने यो दुःखद् स्थिति छ। यसलाई छिटो भन्दा छिटो समाधान गरिनुपर्छ। म यस सम्बन्धमा न्यायलयको पनि ध्यानाकर्षण गराउन चाहन्छु। जनताहरूले अहिले भनिराख्या छ मिटरव्याजी मानिराख्या छन कानुन बनिसकेपछि न्यायलयले कानुनको पालनाको स्थिति सुनिश्चित गर्ने हो कि? पहिला कै कागजलाई मान्यता दिने हो? पहिला कै कागजलाई मान्यता दिने हो भने त नयाँ कानुन त चाहिँ दै चाहिँदैनथ्यो नि। किन चाहिन्थ्यो? त्यो चाहिँ भएन भनेर हामीले चाहिँ नयाँ कानुन ल्यायौं। त त्यो कानुनलाई आत्मसाथ गरेर त्यसअनुसार फैसला गर्ने दिशा तिर न्यायलय नजानु दुःखको कुरा हो। म प्रत्यक्ष रुपमा गृहमन्त्रीको हिसाबले

पनि मैले प्रधान न्यायाधीश सहितको टोलीसँग न्यायलयमा गएर कुरा गरेको थिएँ। कुन मुद्दामा के गर्नुपर्छ भनेर हामीले भन्न मिल्दैन। त्यो शक्ति पृथकीकरणको सिद्धान्तले दिँदैन। तर राज्यको मुल स्पिरिटलाई तपाईंहरूले नेपालको कानुनलाई तपाईंहरुले आत्मसाथ गर्नुपर्छ। त्यो त हामीले भन्छौं र भन्नुपर्छ। म अहिले पनि न्यायालयलाई यसको गम्भीर ध्यानाकर्षण गराउँछु। नयाँ कानुनलाई आत्मसाथ गरियोस् र त्यसलाई कार्यान्वयन गर्ने दिशा तिर न्यायालयले आफ्नो भूमिका निर्वाह गर्नु पर्छ। यसै गरी सहकारीको निम्ति समस्या समाधान गर्ने भनेर अध्यादेश नै ल्यायौं। पछि कानुन पनि बन्यो। अध्यादेश ल्याउने तर सहकारी प्राधिकरणको अधिकारी अहिलेसम्म नियुक्ति नगर्ने? हैन यो के हेलचक्राइ हो भन्या नी? यत्रो ठुलो समस्याबाट हामी अहिले पीडित छौं। बचत कर्ताले आफ्नो बचत पैंसा पाइराखेको छैनन्। त्यसकारण प्राधिकरण बनाउने अनुगमन गर्ने र नयाँ ढङ्गले जाने हो पनि भन्ने ल्याउने अध्यादेश संसदमा पनि प्रस्तुत नगर्ने। तर संसदले कानुन बनाइसक्दा पनि प्राधिकरण गठन नगर्ने? यहीं हो जवाफदेहियता? जिम्मेवारी बोध यहीं हो?

त्यस्तै गरी अहिले गुठी समस्या समाधान गर्न पीडित आन्दोलनकारीहरू छन्। लघुवित्त पीडितहरू छन् सडकमा। चिकित्सकहरू सडकमा छन्। र यसरी चाहिँ सङ्घीय निजामती सेवा ऐन कर्मचारीको समस्या समाधान गर्न अहिले पनि विचाराधीन अवस्थामा छ। आन्दोलनकारीहरूलाई सकारात्मक ढङ्गले सम्बोधन गर्ने काम होस्। आन्दोलनकारीहरूले राखेका सबै मागहरू हर हालतमा सहीं हुन्छन् वा के छ त्यस्ता मूल्यांकन गर्नुपर्छ। तर जायज मागहरूलाई सम्बोधन गर्न सरकार सँधै सकारात्मक हुनुपर्छ र त्यसको पनि पहल गर्नुपर्छ। त्यो पहल कदमी होइन नकारात्मक प्रवृति सरकारको नकारात्महरु सुरु मै देखा पर्छ। irritation गर्ने प्रवृत्ति देखा पर्छ। त्यस्तो किन हुन्छ? त्यसैगरी अब अहिले एउटा कुरामा पनि म ध्यानाकर्षण गर्न चान्छु। सबैले सोचौं हामीलाई पनि आउँछ यो विषय। अहिले अख्तियारसम्बन्धी विधेयकमाथि छलफल हुँदाखेरि एउटा गम्भीर विषयमा छलफल भएको छ। यो नेपालको राजनीतिको नेपालको अहिलेको सन्दर्भको एउटा महत्वपूर्ण विषय हो। क्याबिनेटले गर्ने निर्णय के सबै नीतिगत निर्णय हुन्छ? क्याबिनेटले गर्ने निर्णयमा चाहिँ अख्तियार भ्रष्टाचारको केस आकर्षित हुदैन? कर्मचारी सचिवसम्म दोषी हुने। मन्त्रीले चाहिँ जिम्मा लिन नपर्ने? अनी मन्त्री समेतलाई हामीले मुद्दा चलायौं। कमसेकम मन्त्री सम्बन्धित मन्त्री जसले क्याबिनेटमा प्रस्ताव लगेको छ। त्यो चाहिँ हुनुपर्छ भन्यौ। त्यो पनि फुक्काफल भइराखेको छ। अहिले बहस चलिरहेको छ विधेयकमा र पनि अहिलेचाहिँ ठूला पार्टीहरूले नीतिगत भ्रष्ट निर्णय हो सबै निर्णय गर्ने भनेर त्यसलाई अड्काई राखेको स्थिति छ। क्याबिनेटमा सबै निर्णयमा चलाउने स्थिति नबनोस् भन्ने कुरामा सचेत हुनुपर्ने स्थिति छ। विरोधका लागि विरोध गर्दिने। तर सबै कुरा नीतिगत

निर्णय हुँदैन प्रधानमन्त्री वा सम्बन्धित मन्त्रीले मिलि भगतमा कुनै देश र जनतालाई नोक्सानी पर्ने लुट्ने, ठग्ने, भ्रष्टाचार गर्ने निर्णय गरेको छ भने त्यसबाट उन्मुक्ति पाउनु पर्छ भन्ने पनि हुन सक्दैन। न यसरी यो जवाफदेहीको कुरा र सुशासनको प्रश्नमा सरकार गम्भीर देखा परेको छ।

अब म एउटा अर्को सरकारको गतिविधिमा जान चाहन्छु। किनभने अहिले हामी देश कतातिर जान्छ भनेको यसमा भर पर्छ। अर्थतन्त्रको कुरा। अर्थतन्त्रको कुरामा के भनिन्छ भने तिनवटा कुरा देखाएर सकारात्मक कुरा छ भनिन्छ। एउटा विप्रेषणको आम्दानी। अर्को विदेशी मुद्रा सञ्चित, अर्को भुक्तानी सन्तुलन। यति तिन घण्टा कुरा देखाएर यत्रो यत्रो विप्रेषणको रकम छ। आई रहेको छ, विदेशी मुद्रा सञ्चिति पनि कति ९ वर्षलाई पुग्ने छदै छ। भुक्तानी सन्तुलन पनि राम्रै छ भनेर अर्थतन्त्रको बारेमा चर्चा गरिन्छ। बिलकुल गलत कुरा हो। भर्म हो। यसको के अर्थ र महत्व नै छैन मैले भन्या होइन। तर प्रश्न छ अर्थतन्त्रलाई कसरी हेर्ने भन्दाखेरी अहिले हाम्रो परिवारको आम्दानी बढेको छ कि छैन। ..... शक्ति बढेको छ कि छैन? उपभोग बढेको छ कि छैन? उद्योगहरुको उत्पादन बढेको छ कि उद्योगकरूको उत्पादन न्युन हुँदै गएको छ? राजस्व घट्या छ कि बढ्या छ? राजस्व लक्ष्य अनुसार प्राप्त गर्न सक्या छ कि छैन? पुँजीगत खर्च कार्यान्वयनको क्षेत्र बढेको छ कि छैन? व्यापार घाटा बढेको छ कि घटेको छ? यहाँबाट मूल्याङ्कन गर्ने हो। अहिले अर्थतन्त्र सिथिल हुने छाटकाट भइराख्या छ र खतरा के छ भने अब बिस्तारै दुईवटा समस्याका कारणले अर्थतन्त्र सङ्कुचनमा जाने खतरा छ। एउटा विस्तारै हाम्रो स्रोतमा ठुलो सङ्कुचन आउँदै छ। हाम्रो विदेशी सहयोग कम हुँदैछ। राजस्व उठाउने प्रक्रिया पनि कमजोर हुँदैछ। यस स्रोतमा सङ्कुचन ठुलो खतरा हुँदैछ। ऋणको व्याज तिर्न पनि ऋण लिनु पर्ने स्थिति हुँदै छ र हामी सन्तोष गर्ने अर्थतन्त्र सकारात्मक गइराख्या छ भनेर? अनि अर्को समस्या के हुँदै छ भने Financial Action Task Force ले ग्रे लिस्टमा राखि सक्यो। यो नाजायज आर्थिक क्रियाकलाप र भ्रष्टाचारको शुद्धिकरणको प्रक्रिया अगाडि बढेको कारणले गर्दाखेरि खैरो लिस्टमा राख्यो। अब यसलाई हामी सबै मिलेर विशेषतः सरकारले पहल कदमी गरेर सच्चाएनौं भने यो कालो सूचीमा पर्ने खतरा हुन्छ। त्यसकारण आजसम्म दुईवटा खतरा छ। जसले हाम्रो देशको अर्थतन्त्र डामाडोल बनाउँदै छ। यो दिशातिर हामीले सोच्नु पर्दैन? त्यसले गर्दा अर्थतन्त्र पनि सकारात्मक भइराख्या छैन। गम्भीरको स्थिति ...... त्यसैले मैले अहिले भन्न खोजेको कुरा के हो भने यो स्थिति कायम रहिरह्यो भने यो यथास्थिति कार्यान्वयन रह्यो भने जनतामा असन्तुष्टि झन् बढ्छ। आक्रोश झन बढ्छ। निराशा झन थपिन्छ। त्यसतो आधारमा टेकेर प्रतिगामी शक्तिहरुले जो टाउको उठाइरहेका छन् अझ बढी सलबलाउँछन्। त्यो खतरा हुन्छ। यद्दपी नेपालमा वंशानुगत राजतन्त्र फेरि ल्याउँछु भन्ने कसैले कल्पना नगरे हुन्छ त्यो यथार्थ हो। तर समाज पछाडि नफर्के पनि

क्षणिक रुपमा प्रतिगामी शक्तिहरुले एउटा अर्को ढंगले आफूलाई अगाडि बढाउन सक्छ। त्यसको निम्ति आजको आवश्यकता हो यो यथास्थितिवादी प्रवृतिलाई सच्चाउनु पर्यो। त्यसलाई रोक्नुपर्यो। त्यसलाई परास्त गर्नुपर्यो। तब मात्रै प्रतिगामी परास्त हुन्छ। प्रतिगामन परास्त चाहिँ म फेरि जोड दिएर भन्न चाहन्छु। प्रतिगमन मुर्दावाद, प्रतिगमन मुर्दावाद मात्रै भनेर प्रतिगमन परास्त हुँदैन। यथास्थिति वादलाई परास्त गरेर संविधान र लोकतन्त्रको रक्षा गर्न सकिन्छ, सामाजिक आर्थिक रूपान्तर विकास र संविधिद्वारा मात्रै हामी प्रतिगमनलाई परास्त गर्न सक्छौं। त्यो दिशातिर हामी जान जरुरी छ। त्यसैले गर्दा खेरी मैले अन्त्यमा के भन्न चाहन्छु भने हामीले अहिले को समस्या कसरी समाधान गर्ने भनेर ध्यान दिउँ। म यो सबै पार्टीहरूलाई भनिराख्या छु र मुख्य त सरकारलाई। तर सबै पार्टीहरूलाई। अहिलेको समस्या त्यसैले दुईवटा समस्या छन्। अघि मैले भने मैले जोड्न फेरि दोर्हाउन चाहन्न। अहिले जुन प्रकारको सामाजिक आर्थिक रूपान्तरको प्रक्रियाले तीव्रत प्रधान नगर्नु यथास्थितिवाद मुख्य समस्या भइरहेको छ र त्यसमाथि प्रतिगमन टिकिरहेको छ। प्रतिगमन अगाडि बढ्न खोजिराखेको छ। र साथसाथै अहिले त्यो प्रवृत्ति मैले अन्तिम आए त्यो प्रवृति चाहिँ निजी स्वार्थ केन्द्रित सत्तालु प्रवृत्ति भ्रष्टाचार दलालीकरण लोकतान्त्रिक मूल्यमान्यताको चरम स्कलन सहितको कुशासन र राजनीतिक अस्थिरता। यसलाई समाधान नगरिकन यसको निम्ति कारण अर्को के हो भने यो नेपालको राजनीतिक पार्टीहरू आमरूपमा र मुख्यत अहिले जुन सरकारमा भएका पार्टीहरू छन् तिनमा देखा परेको यथास्थितिवादी प्रवृत्ति मुख्य समस्या छ र त्यसको साथ साथै नेपालको राज्यका अन्य महत्त्वपूर्ण अङ्गहरूको रुपान्तरण हुन नसकेका कारणले उनीहरुको लोकतान्त्रिकरण हुन नसकेकालले उनीहरूको ..... पनि भएको कारणले म निर्धक्कसाथ भन्न सक्छु चाहे न्यायालयमा होस् चाहे कर्मचारीतन्त्रमा होस् चाहे अख्तियारमा होस् नेपाली जनतालेको परिवर्तनले अपेक्षा गरे अनुसार परिवर्तन भएको छैन र लोकतन्त्रलाई आत्म साथ गर्न सकिराख्या छैन। त्यसकारणले गर्दा खेरी त्यसमा पनि रुपान्तरणको आवश्यकत छ। र हाम्रो २० मा राजनीतिक शक्तिहरूको बीचमा पनि राष्ट्रिय मुद्दाहरूमा सहमतिको आवश्यकता छ। त्यसको निम्ति हामी पहल कदमी गरौं। त्यसो गरिएन भने मैले भने यो वर्ष निकै जटिलता र चुनौतीको वर्ष हुनसक्छ। त्यसबाट मुक्त पाउनलाई देखि पूर्वाग्रह प्रेरित पार्टीगत अडान वा कुशासन लोकतान्त्रिक मूल्य मान्यताको स्खलन भ्रष्टाचारलाई बढावा दिन आँखा चिम्म गरेर बसेर हुँदैन। त्यसको जवाफदेही सबैले लिनुपर्छ त्यसबाट हामी आफैलाई मुक्त गरौं र देशलाई बनाई छाडौं। यति अपिल गर्दै बिदा हुन्छु। धन्यवाद।

(१४:३६ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य सोनाम गेल्जेन शेर्पा।

(१४:३६ बजे) <u>माननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष ज्यू, आज यो १८ औं अधिवेशनको सुखद उपलक्ष्यमा सम्माननीय अध्यक्षज्यू मार्फत सम्पूर्ण माननीयज्यूहरूमा पनि शुभकामना व्यक्त गर्दछु। र नयाँ वर्ष २०८२ को पावन अवसरमा पनि शुभकामना व्यक्त गर्दछु। र हिजो १३ गते मनमोहन अधिकारी स्मृति दिवस २६ औं मनमोहन अधिकारी स्मृति दिवस परेको छ। त्यसको लागि पनि म नेपालको स्वच्छ छविको अहिलेसम्मको इतिहासको स्वास्थ्य छविका प्रधानमन्त्री कहीँ कतै दाग नलागेका र जनताको माझमा साह्रै लोकप्रिय प्रधानमन्त्री उहाँलाई स्मरण गर्न चाहन्छु र भावपूर्ण श्रद्धान्जली व्यक्त गर्न चाहन्छु।

अब यो १८ औं अधिवेशन प्रारम्भ हुँदा खेरी विगतका केहीँ अधिवेशनहरूलाई केहीँ मूल्याङ्कन गर्न जरुरी छ। र विगतमा जम्मा यो प्रतिनिधि सभाको आम निर्वाचन पश्चात जम्मा ५८ वटा विधेयकहरू दर्ता भएकोमा जम्मा ४० वटा प्रतिनिधिसभामा र बाँकी राष्ट्रिय सभामा दर्ता भएको रहेछ। ती मध्य २६ वटा विधेयक पारित भएको रहेछ र २ ओटा विधेयक अहिले हाम्रो विधायन समितिमा छलफलको क्रममा छ। र छिटै त्यो विचार दिन्छ र छिटै पारित हुने हामीले आशा गरेको छौ र विगतको सत्रौं अधिवेशनमा लगभग लगभग त्यति मध्य ११ वटा विधेयक चाहिँ पास भएको रहेछ। यसले के देखिन्छ भन्दाखेरी सरकार सचेत छ जनताका कानुनहरू बनाउने कुरामा राष्ट्रका कानुनहरू बनाउने कुरामा सरकार सचेत छ भन्ने कुरा देखिन्छ। र यसले गर्दा खेरी विगतमा जम्मा ५८ वटा विधेयक प्रतिनिधि सभाको निर्वाचन पश्चात आएकोमा ११ वटा विधेयक चाहिँ यो गठबन्धनको सरकार बनिसकेपछि एकै गएको अधिवेशनले पारित गरेको छ। यसलाई पनि मूल्याङ्कन गर्न जरुरी छ। त्यहीँ पनि हामीले धेरै कामहरू गर्न बाँकी छ। र हामी त्यो काम गर्नको लागि सरकारको ध्यान आकर्षण पनि गराउँछौं र आफ्नो ड्युटी पनि पूरा गर्छौं। तर हामी एकअर्कामा मात्रै दोष लगाएर आफ्नो जिम्मेवारीबाट जहिले पनि पन्छाइ रहेको छौं। यो हाम्रो एउटा शैली भएको छ र जहाँ कार्यालय तिर जान्छौं कर्मचारी हुन्छ कर्मचारी हुन्छ भने के देखाउछ भन्दाखेरि त्यहाँ पनि एउटा काम गर्दिनु न भनेर गयो भने म त गर्दिन्थे उहाँले चाहिँ गर्दिनु भएको भए हुन्छ भनेको भए गर्दिन्थे भनेर एउटालाई देखाउने। फेरि त्यसले अर्कोलाई देखाउने। त्यसले अर्कोलाई देखाउने। Circle मा आफूलाई आइपुग्ने तर काम चाहिँ कहिल्लै पनि नगर्ने तर मिठा मिठा कुराले चाहिँ म चाहिँ गर्दिन्थे उहाँले गर्दियो भने यसो टिप्पणी उठाइदियो भने। हाकिमले यसो भन्दियो भने अनि हाकिमकोमा गयो भने उहाँले यसो टिप्पणी उठाइदियो भने म गर्दिन्थे। तर उहाँले टिप्पणी नै उठाउनु हुन्न भन्ने खालको परिपाटी छ। यो परिपाटी तल मात्रै नभइकन विकसित हुँदै हुँदै माथि पनि गइराखेको छ।

अब प्रतिपक्षमा हुँदा खेरी सबै कुरा बेठीक देखिने। सत्तामा हुँदा खेरी सबै कुरा ठीक देखिने। यो प्रणाली नै अलिकति बेठीक छ जस्तो मलाई लागेको छ। अब अहिले शिक्षा विधेयक छ। सङ्घीय शिक्षा विधेयक विद्यालय विधेयक छ। त्यो सम्बन्धमा पनि कसरी छलफल भइराखेको छ। के भइराखेको छ भन्ने कुरा हामी सबैलाई ज्ञान भएकै कुरा हो। सहमतिको विषयहरू छन्। के छन्। त्यसमा प्रतिपक्ष दलका साथीहरूको पनि सहमति चाहिन्छ। राष्ट्रिय स्तरका नेताहरू बसेर गर्ने सहमतिहरू चाहिन्छ। त्यो सहमतिको विषयमा कस्ता कस्ता कामहरू कार्यवाहीहरू भइराखेको छ। यसलाई मैले यहाँ जाहेर गर्न नपर्ला। अब त्यसैगरी सङ्घीय कर्मचारी विधेयकहरू आइरहेको छ त्यसको विषयमा पनि छलफल भइरहेको छ त्यो विषयमा पनि सहमति लिने कुराहरूमा पनि के भइराख्या छ भन्ने कुरा छ। त्यसकारण सरकारमा मात्रै दोष दिएर हामी पन्छिन सक्दैनौं। हामी जिम्मेवारबाट कति चाहिँ अगाडि छौं र हामीले आफ्नो जिम्मेवारी कसरी चाहिँ गरिराख्या छौं। यो कुरा जगजाहेर नै छ। हामी जिम्मेवारबाट आफूँ चाहिँ अगाडि नबढ्ने। तर दोष चाहिँ सबै अरूलाई बाढ्ने जुन किसिमको परिपाटी छ। यो सरकारको मात्र होइन विपक्ष दलको मात्र होइन। हामीमा पनि एउटा छ।

अनि अर्को कुरा नेपालको राजनीति भनेको आत्मकेन्द्रित राजनीति भइसक्यो। आत्मकेन्द्रित राजनीति कस्तो भइसक्यो। जनतामा पनि आत्मकेन्द्रित, नेताहरूमा पनि आत्मकेन्द्रित। सबै ठाउँमा आत्मकेन्द्रित। गाउँमा सडक पुग्यो राम्रो खालको वत्ति पुग्यो। स्वास्थ्य शिक्षा पुग्यो भने कसैले राम्रो भन्दैन। मलाई के भयो भन्ने खालको अहिले बुबाहरूले सोध्न थाल्या छ गाउँमा। मलाई व्यक्तिगत रुपमा के भयो? उसले सडक पुग्यो कि पुगेन। राम्रो खालको education भयो कि भएन? भन्ने सँग उसको चासोको विषय छैन। भोलि भोट माग्न जाँदा खेरी उसलाई के कुरा भयो? उसको जागिर दिलाइदिएर उसको मान्छे हामीले ..... दियौं कि दिएनौं। पुलिसकोमा जनता त्यहाँको त्यो फटाहालाई चाहिँ हामीले छाड्यौं कि छाडेनौं? त्यहाँ निर्भर हुने भयो। त्यसकारण यो आत्मकेन्द्रित जुन किसिमको राजनीति प्रणाली छ हामी कहाँ। हामीले त्यसलाई निरुत्साहित गर्नु पर्छ। संस्थागत राजनीतिकको रुपमा चाहिँ देशलाई अगाडि बढाउनु पर्छ जस्तो मलाई लागेको छ।

अब यो शिक्षा विधेयकको सम्बन्धमा पनि धेरै स्पष्ट नपारौं। प्रधानमन्त्रीले जहिले पनि वार्तामा आउनुहोस्। वार्ता गरौं भनेर भन्नुभएको छ। अब हामी कति पहल गर्न सक्छौं त? हाम्रो अर्थतन्त्रले शिक्षकको मागहरूलाई सम्बोधन कति वहन गर्न सक्छौं त? यो त हामी सबैको जाहेरको विषय नै छ। त्यसकारण प्रधानमन्त्रीज्यूले स्पष्ट रुपमा भन्नु भएको छ। हामी तेह्र चौध अर्बको चाहिँ हामी आर्थिक भार वहन गर्न सक्छौं। तपाईंको आन्दोलन फिर्ता लिनुहोस्। हामी

सम्बोधन गर्छौं भनेर चाहिँ बारम्बार भन्नु भएको छ। तर शिक्षकहरू बस्ने तपाईंले क्याबिनेटमा डिसिजन गर्नुस्। हामी आन्दोलन गर्दै गर्छौं तपाईंहरूको चाहिँ हेर्दै गर्छौं त्यहाँबाट मात्रै हामीले आन्दोलन स्थगित हुन्छ भन्ने अनि वार्तामा पनि बस्ने। आन्दोलन पनि स्थगित नगर्ने। तर शिक्षकको सम्पूर्ण मागहरूलाई सम्बोधन गर्न देशले दुई खर्ब पैसा चाहिँ आर्थिक भार बेहोर्न पर्छ। हाम्रो अर्थतन्त्र यस्तो छ। अर्थतन्त्रमा राम्रो खालको ट्याक्स उठेको छैन। हामीले ऋणात्मक अर्थतन्त्रको चाहिँ अहिले जुन किसिमको बजेट बनाइ राखेका छौं। त्यसले कस्तो समस्या ल्याउँछ? ..... अहिले हामी नेपाली काँग्रेस र एमाले बिचमा चलाइराखेका छौं। यो सत्ता भोली तपाईंले चलाउनुहुन्छ। त्यो अर्थतन्त्रको बहन तपाईंले पनि गर्नु पर्छ। त्यसकारण त्यो प्रतिपक्ष दलका साथीले पनि त्यो विषयमा सोच्ने कि नसोच्ने? त्यो विषयमा सोच्न जरुरी छ। त्यसकारणले हामीले अलिकति लामो एउटा राजनीति गरौं। लामो एउटा भिजनरी राजनीति गरौं। देशलाई मलाई के भन्न मन लाग्छ भने कुनै दिन देशका अर्थमन्त्री राम सरण महत हुनुहुन्थ्यो। उहाँले के १३% भ्याट लगाउँदाखेरी सबैले उफ्री उफ्री विरोध गऱ्यो। सत्ता पक्षबाट पनि विरोध भयो। बाहिरबाट पनि विरोध भयो। तर आज दुरदर्शी एउटा चाहिँ कर प्रणालीको १३% भ्याट नलगाउने हो भने देशमा कुनै पनि ट्याक्स उठाउन नसक्ने रहेछ। त्यहीं १३% ट्याक्सले चाहिँ आज अर्थतन्त्रमा जुन किसिमको ट्याक्स आइराखेको छ। यो हाम्रो देशको बजेटमा ट्याक्स आइराखेको छ। त्यसले नै थामेको जस्तो लाग्छ। त्यसकारण राम्रो कुराहरू अलिकति तीतो हुन्छ। औषधी जहिले पनि तीतो हुन्छ। त्यसले रोग निको पार्छ। तर पोइजन दिनु पर्दाखेरी गुलियो दिनुपर्छ त्यसले नै मान्छे मर्छ भन्या जस्तो गरेर जहिले पनि सत्य कुराहरू अलिकति तीतो हुन्छ। त्यसलाई पचाउन जान्नु पर्दछ। प्रधामन्त्रीले पनि देशबाट निर्वाचित भएर आएको हो। आफ्नो क्षेत्रबाट निर्वाचित भएर आएको हो। देशबाट संसदहरु सबै आएर प्रतिनिधि भएर निर्वाचित भएर आएको हो। उहाँलाई पनि जनताको माया छैन? शिक्षाको माया छैन? तर उहाँले तेत्रो अडान लिनुपर्नाको कारण के हो भने दूरदर्शी नेतृत्व गर्नको लागि दूरदर्शी विचारको लागि भोली देशको अर्थतन्त्र कहाँ जान्छ? हामी बचेट कसरी गर्छौं? हामी कसरी खर्च गर्छौं भनेर उहाँले सोध्दा खेरी उहाँलाई हास्यापक ढङ्गले प्रस्तुत गर्ने जुन किसिमको जमर्को गऱ्यो। यो हाम्रो लागि दूर्भाग्य कुरा हो। त्यसकारण मलाई के लाग्छ भन्दा खेरी हामी एक अर्कामा ..... रहौं। हाम्रो समस्या यहाँ तिर हो। हाम्रो गाउँमा एउटा भनाइ के छ भन्दा खेरी पिठो हुन्छ दुईजनाको माझ पिठो पकायो भने पिठो उता पनि लाग्छ। यता पनि लाग्छ। त्यसकारण यो एक ..... आक्षेप लगाउने के कुराले हाम्रो राजनीति राम्रो गर्दैन। यो संस्थागत राजनीति हुन सक्दैन। यो आक्षेप तपाईंलाई पनि लाग्छ। हामीलाई पनि लाग्छ। आज हामीले केहीँ गरेका छैनौं। यहाँ मन्त्री हुनु भएको छ। देश चलाउनु भएको छ। हामी त यहाँ सांसद मात्र बोलि राखेका छौं।

तर तपाईंले गरेको गल्ती कमजोरीमा हामीले पनि पठाओ चढ्दा गाली खानु पर्छ। बस चढ्दा गाली खानु पर्छ। हामीले के गऱ्या छौं र? हामी त यहाँ आएर भत्ता सत्ता खाएका छौं कि? केहीं गऱ्या छैनौं। एउटा कलम चलाएका छौं। बैठकमा बस्याछौं। बोल्याछौं। तर तपाईंहरुले गरेको कुरामा तपाईंहरुले गरेको नीतिगत कुरामा तपाईंहरूले गरेको कामहरूको चाहिँ जवाफदेही हामीले पनि लिनुपर्छ। त्यसकारण म गाली धेरै नगरौं। त्यसकारण गाली गाडी चढ्दा पनि गाली गर्छन् हामीलाई। अब त हुँदा हुँदा यो लोगो पनि यसो फुकालेर गाडी चढ्दा खेरी भित्र राखेर नेता हुँ भन्दा पनि अलिकति अप्ठयारो भैसक्यो। तर हामीले त केहीं गऱ्या छैनौं नि। त्यसकारण यो आक्षेप लगाउने काम नगरौं। यो आक्षेपले तपाईंलाई पनि दुःखी राखेको छ। हामीलाई पनि दुःखीराखेको छ। समाजमा जाँदा खेरी यहिँ कुरालाई मनन गरेर कमसेकम पनि राम्रो कामहरूलाई हामीले जनताको बिचमा लैजाऊँ। पोजिटिभ कुराहरूलाई जनताको बिचमा लैजाऊँ। र यसले गर्दा खेरी हाम्रो राजनीति प्रणाली अलिकति सुदृढ होस्। यहाँ पनि धेरै आक्षेपहरू लगाउनु गर्नु भएको छ। प्रधानमन्त्रीलाई नानाथरी गाली गर्नुभएको छ। मन्त्रीलाई नानाथरी गाली गर्नुभएको छ। तर आफ्नो इच्छा भने प्रधानमन्त्री हुने चाहना राख्नुभएको छ। त्यस्तो गाली खाने ठाउँमा त्यस्तो ठाउँमा पुग्ने चाहिँ तपाईंहरू इच्छा नराख्नुहोस्। जो मान्छेले गाली गर्छ त्यो आफ्नो इच्छाले नआउनुहोस्। त्यस्तो नराम्रो ठाउँमा पुग्ने किन इच्छा राख्नु हुन्छ त? त्यसकारण त्यो पदलाई सम्मान दिनु भयो भने भोली त्यो पदमा तपाईंले पनि त्यो सम्मान पाउनु हुनेछ। यो कुरालाई मनन गरौं। मैले यति कुरा राखें।

अब भ्रष्टाचारको कुरा छ। यो भ्रष्टाचार साह्रै नै गम्भीर विषय हो। यो चुनौतीको विषय हो। अब हामीले यो भ्रष्टाचारलाई रोक्नको लागि केहीं न केहीं कुरामा सुधार गर्न जरुरी छ। अब सबै भन्दा ठुलो कुरा हामीलाई चाहिँ सिस्टम बनाउन जरुरी छ। टेक्नोलोजीहरूलाई युज गर्न जरुरी छ। हिंजो पासपोर्टमा कति भ्रष्टाचार हुन्थ्यो? नागरिकता प्रमाण पत्रमा कति भ्रष्टाचार हुन्थ्यो? आज त्यो धेरै कुरा हटेको छ। किन भने त्यो एउटा सिस्टममा गएको छ र हामीले आ.ई.टी. सिस्टम मार्फत त्यसलाई आ.ई.टी. सिस्टमबाट परिवर्तन गरेका छौं। आज पासपोर्ट लिने तीन दिन पछि आउनुहोस्। पासपोर्ट दिने भन्याछ। त्यसलाई चाहिँ एउटा सिस्टममा परिणत गरेका छौं। आज कति पासपोर्ट लिन सजिलो भइराखेको छ। अब आज शून्नु हुँदैन कि पासपोर्टमा भ्रष्टाचार भो के भो त्यहाँ पासपोर्टमा पैसा खाइदियो भन्ने कुरा धेरै कम सुन्नुहुन्छ। त्यसै गरी नागरिकतामा पनि त्यस्तै खालको प्रणाली विकास गरेको छ। त्यसले पनि धेरै खालको सुलभहरू भएको छ। अहिले मालपोतमा पनि त्यस्तै खालको समस्या छ। मालपोतमा सबै भन्दा धेरै भ्रष्टाचार हुने ठाउँ भनेको मालपोत भएको छ। त्यसलाई पनि हामीले आ.ई.टी. को रुपमा

विकास गर्न सक्यौं भने आ.ई.टी. को विकास गरेर एउटा सिस्टम बनाउन सक्यौं भने त्यसले पनि प्रभावकारी भूमिका खेल्छ जस्तो मलाई लागेको छ र हामीलाई अलिकति टेक्नोलोजीलाई प्रयोग गरेर अब यो कामकहरूलाई अगाडि बढाउन जरुरी छ। तर यहाँ समस्या जनताको समस्या कहाँ तिर हो भन्दाखेरी माथि नै भ्रष्टाचार भयो भन्ने कुरा सुनिरहेको हुन्छौं। तल पनि नियमित काममाम लाइसेन्स लिने काम देखि लिएर सबै कुरामा चाहिँ जनतालाई वाक्क दिक्क कहाँ तिर हुन्छ भने त्यहाँ पनि पाँच दश रुपैयाँ नाफा ५०० रुपैयाँ नखाइ कन कुनै पनि काम हुँदैन भने झन दैनिक जनजिविकाको सवालमा सरकार कठोर हुन जरुरी छ र त्यसलाई चाहिँ बसेर उन्मुलन गरेर जेरो ..... पुऱ्याउन जरुरी छ जस्तो लाग्दछ। त्यसकारण जनतालाई आधारभूत कुरामा पनि भ्रष्टाचार हुने कुरामा चाहिँ हामीले रोक्न जरुरी छ। त्यसको लागि हामी सबै परिवर्तन भएर चाहिँ अगाडि बढ्नु पर्छ जस्तो लाग्दछ।

अब यो देशको दुर्भाग्य भनौं कि के भनौं अब लोडसेडिङ अन्त्य हुन्छ। फलानो मान्छेले लोडसेडिङ् अन्त्य गऱ्यो भनेर बोलिन्छ। बत्ती बन्द हुन्छ सरकार कहाँ गयो? बत्ती बन्द भयो भनेर कराउँछ। अब यो सरकारले बजेट दिएको हो कि? त्यो व्यक्तिले आफ्नै घरबाट चाहिँ बत्ती बालेको हो कि? यो पनि बुझ्न जरुरी छ। त्यसकारण सडकमा त्यहाँ खाल्डो पर्छ सडकमा खाल्डो पर्छ त्यो सडकमा खाल्डो परेको सरकार कहाँ गयो? यो सडकमा खाल्डो पऱ्या छ सरकार हेरेन भन्छ। सडक पुरिन्छ। बालेनले कस्तो राम्रो सडक बनायो भन्छ। अब बालेनले घरबाट ल्याएर पैंसा खर्च गरेको हो कि? भन्दाखेरी हामी कुन अवस्थामा चाहिँ राजनीति गरिराखेका छौं। यो सत्तामा पनि हामी सम्पूर्ण माननीयज्यूहरूले सचेत भएर सोच्न जरुरी छ। अब हामीले धेरै कुराहरू गऱ्यौं। जलवायू परिवर्तनको सम्बन्धमा पनि यो सरकारबाट संवाद कार्यक्रम हुँदैछ। सगरमाथा संवाद कार्यक्रममा पनि सरकार अन्तर्राष्ट्रिय रुपमा ध्यानाकर्षण गराउन सरकार जुन किसिममा प्रतिबद्ध भएर लागेको छ। त्यस सम्बन्धमा पनि हामी सबै गम्भीर हुन जरुरी छ। यो जल वायू परिवर्तन ठुलो हाम्रो समस्या भइराखेको छ। र यो जलवायू परिवर्तन हामीले अलि यसलाई केहीं न केहीं रुपबाट पनि हामीले संसारमा हामीले अन्तर्राष्ट्रिय मञ्चमा पुर्याउन सकेनौं भने हाम्रो परिस्थिति गम्भीर छ। यसले कृषि प्रणाली देखि लिएर हाम्रो दैनिक जनजीवनमा सबाल देखि लिएर विकास निर्माणमा पुग्ने क्षतिहरू सबै कुराहरूलाई हामीले महसुस गर्न जरुरी छ। त्यसकारण त्यो कुरालाई अलिकति हामी सबै दत्तचित्त भएर यो सगरमाथा संवादलाई कसरी चाहिँ सफल पार्ने भन्ने तिर चाहिँ हामी सबै जान जरुरी छ जस्तो मलाई लागेको छ। र अहिले जुन किसिमको हामीले जनताले ठुलो चाहना गऱ्या छैन। जनताले ठुलो उपलब्धी खोजेको छैन। जनताले यति मात्रै खोजेको छ। एउटा सिटामोल मेरो हेल्थ

पोस्टमा पुगिदियोस्। सिटामोल खान पाउँ। जनताले खोजेको एउटा राम्रो शिक्षा पाउँ। राम्रो खालको एउटा हिड्ने बाटो पाउँ भनेर जनताले नेपाली जनताले खोज्याछ। तर ठुलो रकेट उडाइदेऊँ। ठुलो बोइङ उडाइदेऊँ। आविश्कार गर गराउँ भनेर जनताले भन्या छैन। तर त्यो कुरालाई पनि हामीले सम्बोधन गर्न सकिराखेका छैनौं। त्यो कुरामा पनि सरकारको ध्यानाकर्षण गराउन चाहन्छु र अर्को कुरा हाम्रो जुन किसिमको प्रणालीहरू छ। यति प्रणालीहरू छ। अब तराईंमा हुने हात्ती पाइले रोगको औषधी हिमालमा पठाइदिन्छ हेर्नुस्। अब हिमालमा त हात्ती पाइले रोग नै हुँदैन हेर्नुस् औषधी। त्यसै गरेर हिमालको अल्चिटट्युडको औषधी तराईंमा पठाइदिन्छ। तराईंमा त अल्चिटट्युड नै हुँदैन। भन्दाखेरी हाम्रो प्रणालीहरू त्यस्तो खालको गलत प्रणालीहरू छ। त्यसलाई हामीले सुधार गर्न जरुरी छ। र कसरी ठाउँ अनुसार हामीले काम गर्न सकिन्छ भनेर चाहिँ अगाडि बढ्ने हो भने सङ्घीयता व्यवस्था बाहेक हामीले कुनै पनि व्यवस्था नेपालमा यो ट्याक्टिकल हुन सक्दैन। र सङ्घीय व्यवस्थाले नै हाम्रो शिक्षा, स्वास्थ्य देखि लिएर सबै कुरालाई चाहिँ बारम्बार बारम्बार निगरानी गर्न सकिन्छ। निगरानी गरेर जनतामा Door to Door जनतामा हामीले पुऱ्याउन सक्छौं। त्यसकारण भाषाको विकास होस् त्यहाँको आर्थिक विकास होस्। त्यहाँको आर्थिक समृद्धि होस्। जे कुरामा पनि त्यो विकासमा पनि हामीले यो सङ्घीयता व्यवस्था नभइकन त्यसको विकल्प हुन सक्दैन। तर मलाई के कुरामा खुशी लाग्छ भने राष्ट्रिय सभाको जुन किसिमको सङ्घीयता प्रति प्रतिबद्धता हाम्रा माननीयज्यू हुनुहुन्छ। एक दुईजना माननीयज्यू बाहेक प्रतिबद्ध हुनुहुन्छ। त्यसको लागि म सबैलाई सङ्घीय सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु। र हाम्रो सङ्घीय प्रणालीलाई बलियो बनाउन हामी सबै प्रतिबद्ध हुनुपर्छ। र सङ्घीय व्यवस्थाबाट नै नेपालको समग्र विकास हुने कुरामा दुई मत छैन र सङ्घीयता प्रणाली हामी सबैले बलियो बनाउँ। र अब आउने बजेटमा पनि सङ्घीयता प्रणाली अनुसार बजेट बाँडफाँट देखि लिएर सबै कुरा होस्। अर्थमन्त्रीज्यूले पनि बारम्बार भन्नु भएको छ। अब केन्द्रीय केन्द्रले तीन करोडको बजेट भन्दा कुनै पनि योजना गर्दैन। त्यसपछि बाँकी काम चाहिँ प्रदेश र स्थानीय तहले गर्छ भनेर उहाँले पनि बारम्बार भनि राख्नु भएको छ। यस पालिको बजेटमा तीन करोड देखिको माथिको बजेट चाहिँ केन्द्रले सम्बोधन गर्ने तयारी गर्दै छ। त्यसको लागि पनि हामी आशावादी भौं। र भविष्यमा हामी कसरी देश बनाउँछौं भन्ने कुरामा एकजुट हौं। र जुन किसिमले चैत १५ गते जुन किसिमको एउटा प्रतिगमन आन्दोलन भएको थियो। र त्यसमा पनि सबै माननीयज्यू लगायत विभिन्न दलका नेता देखि लिएर सबै एकठाउँमा उभिएर जुन किसिमले त्यो आन्दोलनलाई कमजोर पारेर मत्थर पार्ने काम भएको छ। यस्तै नै हाम्रो सङ्घीय संसद चाहिएको छ। हाम्रो राजनीतिक दलहरू चाहिएको छ र राजनीतिक दलहरू एक ठाउँमा रहेर जुन

किसिमको हाम्रो व्यवस्था प्रति चुनौतीहरूलाई आत्मसाथ गर्दै अगाडि बढेको छ। देशको आर्थिक देखि लिएर सामाजिक देखि लिएर समृद्धिको कुरामा पनि हाम्रा सम्पूर्ण दलहरू एक रुपमा आएर अगाडि बढ्ने प्रेरणा यो २०८२ सालले पनि दियोस्। त्यसै गरी यो हाम्रो आउने अधिवेशनले पनि दियोस् भन्ने शुभकामना व्यक्त गर्दै मेरा कुराहरूलाई यहीँ टुङ्ग्याउँछु। धन्यवाद।

(१४:५३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य डा. बेदुराम भुसाल।

(१४:५४ बजे) **माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)ः**- सम्माननीय अध्यक्ष महोदय, सत्रौं अधिवेशन समापन भएको २४ औं दिनमा १८ औं अधिवेशन सुरु भएको छ। सुरु भएको २ दिनपछि अथवा तेस्रो दिनमा आज हामी प्रारम्भ भएको अवसरमा शुभकामना दिँदै छौं। विशेष अवस्थाले गर्दा ..... अवसरमा सर्वप्रथम त म यो अधिवेशनको पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु। र केही दिन अगाडि मात्रै हाम्रो नयाँ वर्ष सुरु भएको छ। नयाँ वर्षको सन्दर्भमा पनि अध्यक्षज्यू लगायत सबै माननीयज्यूहरूमा आम नेपाली जनतामा हार्दिक शुभकामना व्यक्त गर्दछु। साथै आजभन्दा ३ दिन अगाडि मात्रै हामीले लोकतन्त्र दिवस् पनि मनाएका छौं। हाम्रो लोकतन्त्रले २०औं वर्षमा प्रवेश गरेको छ। लोकतन्त्र दिवसको सन्दर्भमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। सँगसँगै म भन्दा अगाडि बोल्नुहुने माननीयज्यूले भनेजस्तै आज हामीले आमाहरुलाई सम्झिने दिन पनि परेको छ। हामीलाई जन्मदिने आमाहरुको सम्झना गर्ने उहाँको मुख हेर्ने तीर्थ जानेहरू माता तीर्थ जानुहोला। तर घरघरमा पुगेर आमाको मुख हेर्ने सबैले गर्नुहुन्छ। यस सन्दर्भमा म सर्वप्रथम त नेपाल आमालाई सम्झना चाहन्छु र नेपालभरिका सबै आमाहरुलाई सम्झना गर्दै हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु।

अध्यक्ष महोदय, आज प्रारम्भको दिनमा धेरै कुरा नउठाउँ जस्तो लाग्या छ मलाई अहिले पनि म भन्दा अगाडि माननीयज्यूहरुले केहीँ राजनीतिक कुराहरू उठाउनु भाछ। र पनि मलाई धेरै कुरा आजै चाहिँ गर्न जरुरी छैन भन्ने पनि लाग्याछ। आउने दिनमा हामी छलफल गर्नेछौं। तर एक दुईवटा कुराहरू राख्न पर्छ जस्तो लाग्याछ। यो अधिवेशनको अपेक्षाका आधारमा म यो अधिवेशनबाट हाम्रो अपेक्षा के हो भन्ने आधारमा एक दुईवटा कुरा गरौं जस्तो लागिराख्या छ। पहिलो कुरा त हामीले लोकतन्त्रको सन्दर्भमा लोकतन्त्र दिवस् मनाएका छौं। लोकतन्त्रको अपरिहार्यताको कुरा गरेका छौं। लोकतन्त्रको विकल्प उन्नत लोकतन्त्र हो। अझै विकसित लोकतन्त्र भनेका छौं। यस सन्दर्भमा म सर्वप्रथम त लोकतन्त्र प्राप्तिका निम्ति नेपाली समाजको

रुपान्तरणका निम्ति परिवर्तनका निम्ति योगदान गर्नुहुने ..... प्राप्त गर्नुहुने सम्पूर्ण सहीदहरुप्रति हार्दिक सद्धा सुमन व्यक्त गर्न चाहन्छु। र यसका निम्ति योगदान गर्नु हुने त्याग र तपस्या गर्नुहुने सबैलाई सम्मान व्यक्त गर्न चाहन्छु। लोकतन्त्रले आम नेपाली जनतालाई अधिकार सम्पन्न बनाएको छ। सबैभन्दा ठूलो उपलब्धी हो भन्ने मलाई लाग्छ। तर केही सामन्ती तत्वहरु निरंकुशतावादी तत्वहरु सो लोकतन्त्र विरोधी तत्वहरू अहिले पनि लोकतन्त्रले गरेको उदार व्यवहारलाई नपचाएर लोकतन्त्रका विरुद्ध सलबलाउन खोजिरहेका छन्। लोकतन्त्र यस्तो उदार बनिदियो कि २०६२।६३ को आन्दोलन पछि एउटा आयोग बनेको थियो। कृष्ण चंद रायमाझीको नेतृत्वमा। एउटा आयोग गठन भएको थियो। र त्यो आयोगले २०६२।६३ सालको त्यो शान्तिपूर्ण जनक्रान्तिमा भएको धनजनको क्षति, दमन, राज्यको दुरुपयोग, राज्य राज्यको ढुकुटीको दुरुपयोगको सम्पूर्ण जिम्मेवार प्रमुख जिम्मेवार तत्कालीन मन्त्रीपरिषद्का अध्यक्ष ज्ञानेन्द्र शाहलाई ठहर गरेको थियो। र ज्ञानेन्द्र शाहको नेतृत्वमा बनेको सरकार र प्रशासन यसका निम्ति दोषी छ भन्ने ठहर गरेको थियो र कारबाहीका निम्ति सिफारिस गरेको थियो। तर हाम्रो लोकतान्त्रिक लोकतान्त्रिक व्यवस्था यस्तो यदि धेरै उधार भयो कि आयोग बनायो त्यो आयोगले दिएको रिपोर्ट अनुसार कामै गरेन। उदारतापूर्वक सबैलाई माफी मिनाहा गर्यो अथवा छोडिदियो। त्यसको परिणाम आज लोकतन्त्र विरोधी तत्त्वहरू लोकतन्त्रका विरुद्धमा यो लोकतन्त्रले दिएको त्यस उधार व्यवहारको दुरुपयोग गर्दै यसका विरुद्धमा गतिविधि गर्न खोज्ने। यसका ..... म सर्वप्रथम त के आहवान गर्छु के के माग गर्दछु भने त्यो कृष्ण जङ्ग रायमाझी नेतृत्वको आयोगको प्रतिवेदन कार्यान्वयन गरियोस् र त्यो बेला लोकतन्त्र ल्याउनका निम्ति भएको आन्दोलनमा दमन गर्ने हत्या हिंसा गर्ने लुटपाट गर्ने राज्यको ढुकुटीको दुरुपयोऊ गर्नेहरुलाई आयोगले सिफारिस गरेअनुसार कारबाही गरियोस्। सरकार यो कदम अगाडि चालोस्। यो आजको आवश्यकता हो। किनभने सरकार राज्य उधार हुने लोकतन्त्र उधार हुने तर लोकतन्त्र विरोधी शक्तिहरुले त्यसको फाइदा उठाउने जुन खालको त्यो स्थितिको बनेको छ। त्यो स्थितिको अन्त्य हुनुपर्दछ भन्ने मलाई लाग्छ पहिलो कुरा।

दोस्रो आजको समस्या मैले त पहिले पनि बारम्बार यो सभामा बोलेको छु बाहिर पनि बोलेको छु। के आजको समस्या राजनीतिक समस्या होइन आजको समस्या भनेको हाम्रो समाजको आजको समस्या भनेको मुलुकमा जुन उचाइको राजनीतिक परिवर्तन भयो। त्यस अनुरूपको आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरण गर्न सकिएन। आर्थिक क्षेत्रमा सामाजिक क्षेत्रमा त्यस खालका परिवर्तनकारी कार्यहरू हुन सकेनन् जनताले अपेक्षा गरेको सुशासन कायम हुन सकेन। भ्रष्टाचार नियन्त्रण गर्न सकिएन, रोजगारी सृजना गर्न सकेन। आज जनताले उठाएका माग त यिनै हुन नि। आज जनताले चाहना गरेको कुरा यो हो। त्यो चाहिँ गर्न सकिन भनेपछि आजको समस्या भनेको सुशासन कसरी कायम

गर्ने भ्रष्टाचार कसरी नियन्त्रण गर्ने सुशासन कसरी कायम गर्ने। मुलुकको विकासका निम्ति अभियानहरू कसरी सुरु गर्ने र रोजगारी कसरी सृजना गर्ने। यो दिशामा अगाडि बढ्नका निम्ती अगाडि बढ्ने सन्दर्भमा यो अधिवेशनमा हामीले केही काम गर्न सकौं। यो शुभकामना यो अपेक्षा म राख्छु। यो अधिवेशनबाट त्यसका निम्ति केही काम गर्न सकियोस् त्यसका लागि सरकारले पनि तदनरुप केही विधेयकहरू ल्याओस् नीतिहरू ल्याओस् कार्यक्रमहरू ल्याओस्। यो अधिवेशन बजेट अधिवेशन हो। सरकारका नीति कार्यक्रमहरू आउने र सरकारले ल्याएको नीति कार्यक्रमलाई कार्यान्वयन गर्नका निम्ति चाहिने बजेट ल्याउने बजेट अधिवेशन भएको हुनाले यसपटकको नीति कार्यक्रम र बजेट यस्तो आवस् कि जसले आजसम्मको जुन कमी महसुस भएको छ त्यसलाई हटाउन सकोस्। मुलुकमा आर्थिक सामाजिक रुपान्तरण गर्न सक्ने खालका नीति कार्यक्रमहरु आउन त्यस खालको बजेट आउन सकोस्। त्यस खालको नीति कार्यक्रम आयो र बजेट आयो भने सुशासन कायम हुने दिशामा अगाडि बढेको अनुभूति जनतालाई दिलाउन सकियो भने म माननीय नारायणकाजीसँग सहमत छु कि प्रतिगमनलाई प्रास्त गर्ने भनेको यथास्थितिलाई परास्त गरेर नै हो। यथास्थितिलाई परास्त गर्ने भनेको यो यथास्थितिलाई परिवर्तनका निम्ति अगाडि बढाउने आर्थिक सामाजिक रूपान्तरणका अभियानहरू हुन। त्यस खालका नीति कार्यक्रमहरू र त्यस खालका नीति कार्यक्रमको आधारमा बजेटको आधारमा सञ्चालन गर्ने अभियानहरू नै हुन। त्यस ढंगले सरकारले नीति कार्यक्रम ल्याओस बजेट ल्याओस् र त्यसमा हामीले छलफल गर्न पाउँ। त्यसमा हामीले योगदान गर्न पाउँ। त्यस खालको म चाहिँ अपेक्षा राख्दछु। यो अधिवेशनमा यी सब काम गर्न सकियोस् भन्ने आशा पनि म राख्न चाहन्छु।

र त्यसका साथै यो हाम्रो अधिवेशनको सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु। सँगसँगै नीति कार्यक्रममा आउँदाखेरि हाम्रो विकासका आधारभूत पक्षहरु यसको वास्तवमा अहिलेसम्म हामीले भन्न त भनेका छौ तर काम गरेका छैनौं। अहिले पनि मुलुकको राष्ट्रिय उत्पादनमा सबभन्दा ठूलो हिस्सा कृषि क्षेत्र कै छ। अलग अलग छुट्टाएर हेऱ्यो भने सबैभन्दा ठुलो मात्रा कृषि क्षेत्र कै छ। तर कृषि क्षेत्रमा रुपान्तरणकारी काम हुन सकेको छैन। त्यसका निम्ति नीति कार्यक्रम र बजेट आउन जरुरी छ। त्यस्तै हामीले पर्यटनका क्षेत्रलाई भनेका छौं। जलविद्युतको क्षेत्रलाई अथवा जलस्रोतको क्षेत्रलाई भनेका छौं। यि जुन आधारभूत पक्षहरू छन् नेपाली अर्थतन्त्रका ती आधारभूत पक्षमा आमूल परिवर्तन हुने खालका योजनाहरू, नीति कार्यक्रमहरू र बजेटहरू ल्याइयो भने मात्रै हामीले हाम्रो विकासको गतिलाई अगाडि बढाउन सक्छौं। त्यस खालका नीति, कार्यक्रम र बजेटहरू ल्याइयोस् यो अधिवेशनमा र यो अधिवेशनबाट हामीले मुलुकको आमूल परिवर्तनका निम्ति खास गरिकन आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा रुपान्तरणकारी अभियान सञ्चालन हुने खालका नीति, कार्यक्रम र बजेट माथि छलफल गरेर पारित गर्न पाइयोस्। यस अर्थमा यो

अधिवेशन सफल बन्न सकोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु। चर्चा भइराखेको छ। अहिले मुलुकमा शिक्षकहरू २६ दिनदेखि आन्दोलनरत छन्। यद्दपि उहाँहरूले उठाएका कतिपय मागहरू अहिलेको हाम्रो आर्थिक क्षमताले समाधान गर्न नसकिएला। तर उहाँहरूले उठाउनु भएको एउटा कमसेकम हामीलाई पनि हामीलाई शिक्षा विधेयक छिटो भन्दा छिटो देउँ भन्ने माग अगाडि त्यो माग पुरा गर्नका निम्ति अलि तिव्र गतिमा जाने कुरा किन गर्न सकिदैन? त्यो अगाडि नै जान सकेन।

माननीयज्यूहरुले यहाँ एकजना माननीयज्यूले कतिवटा विधेयक पास गयौं भनेर गणना गर्नुभयो। विधेयक त पास गर्नुभो तर कुन तरिकाले पास गर्नुभो? अध्यादेश ल्याएर जबरजस्ती यो पास गर्नै पर्छ गर्नै पर्छ छलफल पनि गर्नु पर्दैन्। समितिमा पनि लानु गर्दैन्। केहीं पनि गर्नु पर्दैन् भन्ने ढङ्गले न गयौं। त्यसै ढङ्गले शिक्षा विधेयक किन गर्न सकिएन त? आखिर पहिले देखि नै थियो नि शिक्षकहरू यो SEE को परीक्षा पछि आन्दोलित हुँदै छन् भनेर आन्दोलनमा उत्रिदै छौं भनेर ज्ञापन पत्र त दिसक्नुभाथ्यो। शिक्षक महासङ्घहरूले दिसक्याथिए। हामीलाई पनि दिएका थिए। हामीले यो सभामा पनि सत्रौं अधिवेशनमा शिक्षकहरू आन्दोलित भइराखेका छन्। शिक्षकका माग सुन्नु पर्‍यो सरकारले। सम्बोधन गर्नु पर्‍यो भनेर भनिरहेकै थियौं। त्यो किन गर्न सकेनौं भन्दा केहीं न केहीं उपेक्षा गरिएकै हो। यस ढङ्गले उपेक्षा गरेर जानु चाहिँ राम्रो हुँदैन। छिटो भन्दा छिटो शिक्षकहरूका माग कति सम्म सम्बोधन गर्न सकिन्छ। कति सम्म पुरा गर्न सकियो भन्ने कुराको साथ साथै शिक्षा विधेयकलाई छिटो भन्दा छिटो पारित गर्ने दिशामा अगाडि बढाएर यसको समाधान गर्न जरुरी छ। सरकार त्यसको निम्ति दृढतापूर्वक अगाडि बढोस्। तिव्रतापूर्व अगाडि बढोस् भन्ने माग गर्न चाहन्छु। त्यति मात्र होइन। अहिले चिकित्सकहरू पनि आन्दोलित भएको अवस्था छ। सहकारी पीडितहरू पहिले देखि नै आफ्नो त्यो उत्पीडनबाट कसरी मुक्ति पाउने भनेर सडकमा छन्। हरेक हिसाबले यो गतिविधिहरू गरिरहेका छन्। मिटर ब्याजी पीडितहरूको अर्को समस्या त्यतिकै चलिरहेको छ लगायत समाजका विभिन्न तप्काका जनसमुदायहरू जुन आन्दोलित भएको अवस्था छ। त्यसको समाधान गर्नको निम्ति सरकारको तर्फबाट त्यति राम्रो पहल भएको देखिदैन। महसुस हुने गरी पहल भएको देखिदैन। त्यो महसुस हुने गरी उहाँहरूलाई आन्दोलनबाट फर्किने गरी त्यस ढङ्गले पहल गर्न जरुरी छ। त्यो पहल गर्ने काम चाहिँ सरकारको तर्फबाट हुनु पर्दछ। गरियोस् भन्ने माग गर्न चाहन्छु।

अध्यक्ष महोदय, अहिलेको सरकार बन्ने बेलामा एउटा सहमति भएको भन्ने खुब चर्चामा आयो। संविधान संशोधनका निम्ति एउटा सहमति भएर त्यो काम गर्नको निम्ति अहिलेका प्रमुख दुई दलको बिचमा गठबन्धन गरिएको भनेर धेरै चर्चा भएको थियो। हामी त्यति बेलै पनि चर्चा

गरेका थियौं कि यो संविधान संशोधन गर्नुभन्दा अगाडि त संविधानको पुनारावलोकन गर्न जरुरी छ। पुनारावलोकन गर्ने दिशामा नजाने। एकैचोटि संशोधन गर्ने भनेर भन्दाखेरी के विषयमा संशोधन गर्ने हो त? कुन विषयमा संशोधन गर्ने हो? भन्ने कुरा नै स्पष्ट छैन। त्यसकारणले संविधानको पुनरावलोकन गर्न जरुरी छ। गणतन्त्र आएको २० वर्षमा प्रवेश भएको छ। यो गणतन्त्रमा के भयो, के भएन? लोकतन्त्र आयो। लोकतन्त्र आएको २० वर्ष भएको छ। लोकतन्त्रमा के भयो के भएन? लोकतन्त्रले केहीँ पनि गरेन भन्ने कुरा चाहिँ कतिपयले गर्न थालेका छन्। त्यसकारण यो लोकतन्त्रले के गर्‍यो के गर्न सकेन भन्ने कुराको पनि समीक्षा हुन जरुरी छ। पुनरावलोकन हुन जरुरी छ। त्यसको सँगसँगै लोकतन्त्र प्राप्त भएको केहीँ समय पछाडि हामीले जब संविधान बनायौं। गणतन्त्र घोषणा गयौं। त्यसपछि संविधान बनायौं। गणतन्त्र घोषणा भएदेखिको यताको अवधिको पनि समीक्षा गर्न जरुरी छ भने संविधान जारी भइसकेपछिको अवधिको पनि एउटा त समीक्षा संविधान उल्लङ्घन गर्नु जरुरी छ। संविधानको पुनरावलोकन गर्नु पर्ने छ भने अर्को तर्फ यस अवधिमा भएका यस अवधिमा राज्यले गरेको सरकारले गरेका कामको पनि समीक्षा गर्न जरुरी छ। यी सबै कुराको थालनी सरकारबाट होस्। यदि सरकारबाट यस ढङ्गका कार्यक्रमहरू आउँदैनन् अथवा प्रस्तावहरू आउँदैनन् भने हामीले यहि सदनबाट पनि यहि सभाबाट पनि यी समीक्षाका प्रक्रियाहरूमा जान सक्छौं भन्ने मलाई लाग्छ। मलाई त्यस्तो लाग्छ। किनभने हामीले पहिले एउटा प्रतिवेदन यहाँ पास गरेका छौं। विधायन समितिले अध्ययन गरेर ल्याएको प्रतिवेदन हामीले पारित गरेका छौं। कि त्यो प्रतिवेदन के थियो भने संविधान जारी भएपछि संविधान अनुसार बन्नुपर्ने कति कानुन कति बनेनन् भन्ने कुराको विधायन व्यवस्थापन समितिले अध्ययन गरेको थियो र त्यो अध्ययनको प्रतिवेदन हामीले यहाँ प्रस्तुत गरेका थियौं। र निर्णय पनि गरेका छौं। निर्देशन पनि दिएका छौं। यो सभाले। ..... प्रधानमन्त्रीको उपस्थितिमा हामीले छलफल गरेका छौं। तत्कालीन प्रधानमन्त्रीले प्रतिबद्धता पनि जाहेर गर्नु भएको छ। र हामीले निर्देशन पनि दिएका छौं। यस अनुसारका काम हुनु पर्यो भनेर। एउटा सङ्कल्प प्रस्ताव मात्र यो त यति दिन भित्र फलानो मिति भित्र हामी यो काम गरिसक्छौं भनेर पनि भनेका छौं। अहिले गएको सत्रौं अधिवेशनमा हामीले फेरि अर्को एउटा प्रतिवेदन तयार गरेका छौं। त्यो के हो भने संविधान अनुसार बनाउनु पर्ने कानुन जुन बन्नुपर्छ भनेर हामीले भन्यौं। त्यसको प्रतिवेदन हामीले सरकारलाई दियौं। त्यसअनुसारको कति काम भए त भनेर फेरि समीक्षा गरेका छौं। त्यो समीक्षा गर्दा खेरी हामीले ४२ वटा मध्ये ४ वटा मात्रै आएको ३८ वटा सङ्घीय कानुन आउन बाँकी। संविधानले सङ्घीय ऐन अनुसार सङ्घीय कानुनअनुसार हुनुपर्ने भनेर तोकेका मध्येका ३८ वटा कानुन अहिले पनि आउन बाँकी छन। कानुनको अभावले सङ्घीयता कार्यान्वयन हुन सकेन भन्ने आवाज उठेको उठै छ। उठिरहेको छ। अनि हाम्रो आफ्नै संसदको एउटा समितिले अध्ययन गरेर यति कानुन बनाउनुपर्छ र त्यो प्रतिवेदन सभामा ल्याएर सभाले पारित गरेर यति कानुन सरकारले छिटो भन्दा छिटो बनाउनुपर्छ

भनेको छ। त्यो काम पनि सरकारले गरिराछैन। म अहिलेको सरकारलाई मात्र भन्दिन्। निरन्तरताको कुरा। निरन्तर रुपमा सरकार अभिछिन्न उत्तराधिकारी संस्था हो। उसले निरन्तर रुपमा हिंजो भएका कतिपय कामलाई आज टुङ्ग्याउन पर्छ। कतिपय काम हिँजै देखि हुन सक्या छैनन्। हिँजैदेखि हुन नसकेका काम आजको अवस्थामा गर्नुपर्छ भन्ने हिसाबले जान हामी सकिरहेका छैनौं। त्यसले गर्दा खेरी सबैभन्दा पहिलो आवश्यकता भनेको चाहिँ संविधान अनुसार बन्नु पर्ने कानुनहरू सङ्घीय लोकतान्त्रिक गणतन्त्रका निम्ति यसको कार्यान्वयन गर्नको निम्ति यो संविधान कार्यान्वयन गर्नको निम्ति बन्नै पर्ने कानुनहरू यस अधिवेशनबाट बनाउने सफलता हामीले गर्न पाउँ। त्यस हिसाबले सरकारले विधेयक ल्यायोस्। खालि नीति कार्यक्रम पास गर्ने, बजेट मात्र पास गर्ने यो हिसाबले यो अधिवेशन नटुङ्गियोस्। फेरि यो शुभकामना सहितको अपेक्षा छ। किनभने गएको सत्रौं अधिवेशन हाम्रो प्रगति राम्रो छैन। सत्रौं अधिवेशनमा हामीले जति धेरै बनाउनु पर्थ्यो। दुवै सदनबाट त्यो विधेयक अधिवेशन थियो। त्यो विधेयक अधिवेशन भनिएको यथार्थमा अध्यादेश अधिवेशन नै हो। अध्यादेश माथिको छलफल। त्यसपछि प्रतिस्थापन विधेयक माथिको छलफल। त्यसैमा हामीले टुङ्ग्याएका छौं। के थोरै विधेयक मात्र हामीले पारित गयौं। यो बर्खे अधिवेशन बजेट अधिवेशन भएता पनि यस अधिवेशन मै पनि संविधानअनुसार बन्नु पर्ने कानुनहरूका विधेयक सरकारबाट ल्याइयोस् र हामीले यहाँ छलफल गरेर पारित गर्न सकौं। त्यस मानेमा यो अधिवेशन सफल बनोस्। त्यस मानेमा हामीले केहीं काम गऱ्यौं भनेर सफलता प्राप्त भएको त्यो समीक्षा गर्न सकौं। त्यो अनुभूत गर्न सकौं। त्यस अर्थमा यो अधिवेशन सफल बनोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दै विदा हुन चाहन्छु। धन्यवाद।

(१४:१३ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्य मृगेन्द्र कुमार सिंह यादव।

(१५:१३ बजे) माननीय श्री मृगेन्द्र कुमार सिंह यादव (जनता समाजवादी पार्टी नेपाल):- नैतिक बल चाहिन्छ। मजबुत सरकार हो भने राष्ट्र बैंकको गभर्नर अहिलेसम्म किन नियुक्त गर्न सक्नुभएन? यो त्रिभुवन विश्वविद्यालयका उप-कुलपतिलाई के भो? किन राजीनामा दिनुपर्यो? मजबुत सरकार हो भने त शिक्षक आन्दोलन २६ दिनदेखि सडकमा छ। किन तुरुन्तै कुनै टुंगो लगाउन सक्नुभएन? मजबुत संख्याले मात्रै हुँदैन। त्यसैले अब म यो अधिवेशनमा शिक्षा ऐन, निजामती सेवा ऐन, नेपाल प्रहरी ऐन र संघीयतालाई प्रभावकारी ढंगले लागू गर्ने सम्बन्धी ऐनहरु यो १८ औं अधिवेशनमा पास होस् भन्ने शुभकामना दिन चाहन्छु। र आग्रह पनि गर्न चाहन्छु। नत्र यो हाम्रो पूर्ववक्ता माननीयजीले भन्नुभयो कि प्रतिगमन मुर्दावाद मुर्दावाद भनेर मात्रै प्रतिगमन पराजित हुँदैन यो कुरालाई म पनि जोड दिन चाहन्छु। कि खाली प्रतिगमन मुर्दावाद, मुर्दावाद

गरेर होटे जवाफ दिएर, तुरुन्तैको जवाफ दिएर हुँदैन। मजबुत सरकार हो भने काम गरेर देखाउनुपर्छ। मुखले होइन। काम गरेर देखाउनुपर्छ। जनतालाई जनताको असन्तुष्टिलाई, निराशालाई चिर्नुपर्छ। तब मात्रै नत्र जे पनि हुन सक्छ। जति मजबुत पनि भो त्यहाँ के रे बंगलादेशमा धेरै ठूलो मजबुत शेखहसिनको सरकार थियो। यही आक्रोश बढ्दै गयो भने जनताको निराशा बढ्दै गयो भने जे पनि हुन सक्छ। भ्रमजालमा पारेर जे पनि हुनसक्छ। जनता धेरै निरास छन्, आक्रोश छन् त्यसको आक्रोसले धेरै कुरा पनि हुन सक्छ। त्यसैले म त आग्रह गर्छु सुध्रिनुस्। सुध्रिनु भएन भने जे पनि हुन सक्छ।

अब म केही आफ्नो मधेशतिरको पनि कुरा गरौं। अब मधेसी जनतालाई त मधेशको भूमिलाई कहिलेका अहिलेदेखि नै पहिलेदेखि नै जबदेखि नेपालको निर्माण भएको छ त्यही बेलादेखि नै मधेशको भूमिलाई त नेपाल मानिन्छ तर मधेसीहरुलाई नेपाली हो कि होइन, हो कि होइन? त्यो नजरले सधैं हेर्ने गरिएको छ। त्यो नभएको भए त कोशी सम्झौता एकदम त्यो बोर्डरमा गएर ब्यारेज बन्दैनथ्यो। गण्डक को जम्मै पानी इन्डिया जाँदैन थियो। अहिले पनि अहिले सरकारले वा यो गत अधिवेशनमा छ वटा अध्यादेश ल्याएको थियो। त्यसमा एउटा भूमि सम्बन्धी पनि अध्यादेश थियो। यो त्यो ठिक छ सुकुम्बासीहरूको समस्या समाधान हुनुपर्छ। हामीले भन्ने गर्‍या सबभन्दा पहिले अहिलेसम्म सुकमबासीको नाममा व्यवस्थित बसोबासको नाममा पाँच लाख हेक्टर जग्गा वितरण गरिएको छ। एक दुईटा प्रतिनिधि घटना पनि बाहिर आएछ। हाम्रा यो राजावादी आन्दोलनका अध्यक्षज्यूले जस्ताले राष्ट्रिय पञ्चायतका पूर्व अध्यक्ष हुनुहुन्थ्यो। उहाँले पनि १३ बिहा जग्गा पाउनुभएको थियो। त्यो बेचेर फेरि लालगढमा लिनुभएको छ। अहिले पनि लालगढमा छ उहाँको जग्गा। त्यस्ता त्यस्ता सुकमबासीको नाउँमा हुकुम्बासीहरुले पाएका थिए। त्यसैले त्यो एकचोटी सार्वजनिक गरोस् सरकारले कि कसले कसले पाएको छ। र मधेसका जनता मधेसका जनता मधेसका जति पुराना बजारहरु छन् त्यो बजारहरु बिटौरी बाल बिटौरी को नाममा त्यो किनेको जग्गा हो त्यतिखेरको मोहीको विभिन्न जिम्दारहरूसँग, विभिन्न नम्वरी जग्गामा बजार बसाइयो। र प्लट काटेर दियो स्थानीय निकायले त्यहाँ पुर्जा दिँदो रहेछ। अहिले पनि त्यो बिटौडीको रसिद दिँदो छ। तिरो तिरेर रसिद दिइन्छ। त्यो जग्गाको सम्बन्धमा कुनै चासो छैन यो अध्यादेशमा पनि कतै केही थिएन। त्यो २०७५ सालसम्म त्यो रसिद मात्रै बिटोडीको रसिद लिएर बैंकमा धितो राख्न पर्थ्यो। त्यसै रसिदबाट बिक्री वितरणर रजिष्ट्रेशन पनि हुन्थ्यो। तर त्यो एउटा ७५ सालमा परिपत्रले त्यो पनि रोकियो। करोडौं करोडौंको बिल्डिङ बनेको छ त्यो बिटौरीको जग्गामा। तर त्यतातिर सरकारको कुनै ध्यान कुनै चासो छैन। किनकि त्यो मधेशको कुरा हो।

अर्को कुरा एउटा निजी पोखरीको पनि त्यस्तै छ। बाबु बाजेले खनाएको पोखरी त्यो नेपाल सरकारले कुनै नेपाल सरकारले खनाएको होइन। त्यो जहानिया राणा शासनमा के थियो भने त्यो पोखरीमा अनि कसैले डुब्यो भने केही भएर खुनी मुद्दा लाग्ने ज्यान मुद्दा लाग्ने। त्यसकारणले त्यो पानी पंञ्चवलाई त्यो मिन्ही गर्थ्यो। त्यो पञ्चायतकालसम्म जिल्ला सभाले जसको नम्बरी छ,डिलहरू नम्बरी छ भने त्यसलाई उपभोग गर्न दिन्थ्यो। अहिले त्यसमाथि पनि हमला भइरहेको छ, निजी पोखरीमाथि। त्यतातिर सरकारले जहानीया शासनको पालाको त्यो बहाना लिएर त्यसले बाबु बाजेले खनाएको पोखरीको निजीबाट सरकारी गरदिने, सरकारले हड्प्ने। त्यस्ता त्यस्ता समस्याहरू पनि छन् त्यसमा पनि ध्यान दिईयोस्। र अन्तमा म फेरि म एकदम अलि अनुशासित कार्यकर्ता भएकोले १५ मिनेटमा सहमति भएको थियो। त्यसैले म अन्तमा फेरि ठूला दलका नेताजीहरूलाई सुध्रिनको लागि शुभकामना दिदैं ०८२ सालमा निश्चित रुपमा तपाईंहरु सुध्रिनु हुन्छ र जनताको हक हितमा प्रजातन्त्रको, लोकतन्त्रको, गणतन्त्रको मूल्य माननीयता अनुसार हिँड्नुहुन्छ भने शुभकामना दिँदै विदा हुन चाहन्छु। धन्यवाद।

(१५:२९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य शेखर कुमार सिंह।

(१५:३० बजे) **माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, आज हामी १८औं अधिवेशनको सुरुवातै भनौं। सुरुवातः मै छ। दोस्रो दिन हो। संजोगले २०८२ सालको सुरुवात मै पऱ्यो। २०८२ साल हामी सम्पूर्ण नेपालीको लागि सुखद बनोस् र सम्पूर्ण माननीयज्यूहरुलाई पनि सफलता पाओस् भन्ने मेरो हार्दिक शुभकामना सम्माननीय अध्यक्ष मार्फत छ। भन्दै सम्माननीयज्यू निश्चित रुपमा अब सबै कुरा त करिब करिब आइनै सक्यो र हामी मधेशमा अनभण्डारमै जन्म्या, हुर्किया व्यक्ति हुं। तर आजको अवस्था के छ महोत्तरी जिल्लाकै नामबाट सुरू गर्छु। धनुषाबाटै सुरू गर्छु। मलाई लाग्छ तीन वर्ष चार वर्ष भइसकेको छ। खेतमा हलो गएको छैन। अगर यहि स्थिति रहियो भने हामी कसरी बाँच्ने यी बेला बजेटको बेला पनि हो। त्यसैकारणले मैले नेपाल सरकारको मन्त्रीज्यू पनि यही हुनुहुन्छ उहाँ मार्फत हामीले टनेल खनेर त पानी ल्यायौ आउछ भनेर आश्वासन पनि दियौं। तर यो पानी यथासिघ्र छोड्न व्यवस्था मिलाउनुपर्छ। जुन बजेट काटेर पनि हामी सम्पूर्ण नेपालीलाई सम्पन्न गराउनुपर्छ । त्यो पानी गयो भने धनुषा, महोत्तरी केही भाग सर्लाही त्यसपछि रौतहट, बारा, पर्सा पनि भ्याउँछ। त्यसमा सरकारले प्राथमिकतामा राखेर त्यो सिचाइको

सुव्यवस्था गर्दिन म आग्रह साथ माग गर्न चाहन्छु। सँगै हामीले पटकपटक भन्दै आएका छौं। केही माननीयज्यूहरू अहिले पनि राख्नुभो। यो ज्वलन्त समस्या भइसक्या छ, हाम्रो खास गरेर मधेसमा। धेरै पोखरी छन् म भन्दिन जो कसैले पोखरीको नम्बरी बनाइदिनुस्। श्रेष्ता पनि बनाइराख्नु पर्दैन। तपाईंहरू नै नापेका श्रेष्ताहरू राणाकालीन श्रेष्ताहरु तपाईंहरू के छन् साथमा छ। त्यो श्रेष्तालाई अध्ययन गरेर निजीलाई निजी, मिन्हीलाई मिर्ध कायम गर्दिनुस्। नत्र उजार हुन्छ मधेस। व्यक्तिले खनाएको पानी माफिया मान्छे नुहाउन जाँदाखेरि कसैले मृत्युवरण गरेपछि ती पोखरी धनीलाई खुने लाग्ने चलन र सिराहा, सप्तरीमा एक दुईवटा घटना पनि भइसकेको थियो त्यतिबेला पनि। पछाडि गएर यिनीहरू मिन्हीमा परिणत भए। त्यो मिन्ही आखिर त्यही जग्गावालको त थियो नि। जसको चारै डिलमा अहिले पनि घर छ। हामी जिल्ला पस्न पाउँदिन। ती समस्याले मान्छे गरिन्छ। सरकारले गाउँ ब्लकको नाउँमा सर्भे गर्न पठाएको छ। तर आज लगभग पाँच वर्ष हुन लाग्या छ। कुनै पनि जिल्लाको सर्भे सम्पन्न भएको छैन। नियत साफ भए त सम्पन्न हुन्थ्यो नि। नियतै साफ छैन त्यो टोल सर्भे गर्ने टोलीहरूको। स्पष्ट नम्बरी अलग छ, नेपाल सरकारको जग्गा अलग छ बसोबास गर्या छ, बसोबासीलाई नापी दिनुपर्छ। तीन खलमा गर्दिएदेखि त के यसमा गर्नुपर्थ्यो। जो अहिलेसम्म सर्भे टुङ्गाउन सकेका छैन। त्यति मात्र होइन विक्रम सम्वत १९९९ मा कोशी कटान भइसकेपछि म सप्तरीकै एउटा उदाहरण दिन चाहन्छु। हनुमाननगर कटेर राजविराज व्यवस्थापन भयो। राजविराज मात्रै ६० बिगाहामा बसाइएको थियो। त्यतिखेर पछि आएर १८ बिघा जमिन करीन्दाको नाउँमा थप भयो, करीन्दा प्लट भनेर। ३० सालदेखि बिटौरी काट्दै बस्दै आइराख्या जग्गाहरु हुन। हाम्रा हाकिम साहबहरूले मन लाग्यो भने अब यो रोस्टमबाट अरु कुरो त भन्न मिल्दैन। म मन लागेको शब्द मात्रै प्रयोग त लाल पुर्जा बनाइदिनुहुन्छ, मन लागेन भने सयौंकोमा मान्छेहरू अहिलेसम्म जग्गाधनी पुर्जा लिन सक्या छैन। जबकि त्यही बिटौरीको रसिदको आधारमा बैंक पनि ऋण दिन्थ्यो। सम्पूर्ण कामहरु हुन्थ्यो। यसमा त सरकारले गम्भीरता साथ हेरिदिनुपर्छ। किन यो अन्याय भइराख्या छ त्यस्ता गर्ने कर्मचारीहरुले ठोस कारबाही पनि गरिदिनुपर्छ। सम्माननीयज्यू, अब अर्को नाम त नलिउँ। तर आजभोलि मिटर ब्याजभन्दा पनि चर्को ब्याज बिजुलीको छ। आज बिजुलीको रिडिङ्ग आयो तपाईंलाई बिल काटेर दिएछ संजोग बस तपाई हुनुहुन्न सम्माननीयज्यू तपाईंको घरमा एक महिना मान्छे भएन नि त्यसको २५%, १५%, २५%, २८% जरिवाना ठोक्न सुरु भइहाल्छ। यसमा पनि सरकारले ध्यान पुऱ्याउनैपर्छ। होइन जायज छ हामी पनि नदीन खोज्या होइन सबैले दिने राख्या छन्। तर यसरी ब्याज माथिको ब्याज नलियोस् यो मेरो भवना हो। अब हामी त कति पीडित भनौं खोला खोला बाहिकै जिल्ला हुँ। खोलाले जग्गा काट्यो मैले देखिराख्या एउटा यो पनि हो सम्माननीयज्यू। मान्छे किन विदेश

बढता भइराखेको छ। जसको बाउलाई १५ बिघा जग्गा थियो १० बिघा जग्गा थियो। महिलाले, सुन्दरीले, गंगाजलिले, कोशीले कटान गरिसकेपछि त्यो व्यक्तिले ल तँ यसैलाई फेरि उब्जाउन भनेर कतैबाट पनि बकअप भएन। बरु जान पाउँदैन। यहाँबाट बालुवा झिके पनि कारबाही गर्दिन्छु। जमिन व्यक्तिको कारबाही गर्ने वन कार्यालय। एक ट्याक्टर बालुवा उठायो भने उसलाई लगेर समातेर जेल हाल्दिने। होईन नेपाल सरकारको जग्गा हो भने गरोस्  न। जहाँ मैले पटकपटक भनिराख्या छु हाम्रो त एउटै हो नि पूर्व पश्चिम राजमार्ग जोगाउनुपर्छ। हेर्नुस् त सबै पुलको अवस्था के छ। सबै चुरेको संकलन भएर आएर कुनै फुलको हाइट  एक मिटर, डेढ मिटर, दुई मिटरदेखि बढ्ता छैन। त्यस्तै बारे आएर दुई चारवटा पुल एकैपल्ट गयो भने हामी के गर्ने, कता जाने? यसको व्यवस्थापन पनि बजेट सत्र भएको नाताले मैले सरकारसँग आग्रह गर्न खोजें। हेर्दिनुपर्छ यस्तालाई पनि। सबै ठाउँमा त्यस्तै भइराखेको छ। तर प्रष्ट रुपमा हामी भन्छौं। हामी पनि तपाईंकै भूगोलको मान्छे हौं बाहिरको हैन। त्यसकारणले हामीमाथि अविश्वास नगरे हुन्छ। हामी त दशगज्जाका पहरोदार हुँ। दशगजामा बसेर बस्या छु यसलाई अन्यथा पनि लिनु हुँदैन। व्यवहार  एकनासी ठिक हुन्छ। र गार्जियनले एकनासी व्यवहार गर्दिनु पनि पर्छ र हामी माग पनि गर्छु र पक्कै पनि सरकारले पनि ध्यान पुऱ्याएकै छ। पुऱ्याउनुहुन्छ त्यसमा हामी आश पनि राख्या छ।

हालै एउटा जे संज्ञा दिए पनि कम हुन्छ। अतताई घटना जो यो मित्रराष्ट्र भारतमा भएकाछ यो परिस्थितिमा हामी नेपालीहरू पनि तीर्थका नाममा घुम्नको नाउँमा त गई नै राख्या छु नि, उहाँहरु पनि आइनै राखुभएको छ। पुलगामामा जात खोजी खोजी गोली हान्ने यस्ता आतताथीलाई जति पनि भत्सर्ना गर्छु त्यो कमै हुन्छ। यसलाई घोर भत्सर्ना गर्दै ती शोकाकुल परिवारप्रति हाम्रो हार्दिक संवेदना पनि छ र मित्रराष्ट्र भारतमा यस्तो घट्या छ उहाँहरुले निश्चित रुपमा कडाईका साथ लिएर यस्ता घटनाहरुले निर्मूल पार्नुहुन्छ भने हामी विश्वास पनि लाग्या छु। र यस्ता नदोहोरियोस् भने आश पनि गर्दछु। हामीले आज यो टनेलको आशै देख्नुपर्ने थिएन। परिस्थितिवश देख्नुपर्यो। तर पुराना कुराहरू बिसौं। अब जो आइसक्या छ। त्यसैलाई आधारित मानेर ल्याउ र अब त सातवटा प्रदेशका सातैवटा सरकारहरु पनि छन्। उनीहरु पनि कृषिमा, शिक्षामा, स्वास्थ्यमा प्राथमिकतामा ध्यान दियोस्। म यही सदनबाट उहाँहरुले पनि आग्रह गर्न चाहन्छु। संघीयता हाम्रो यो लोकतन्त्रको सुन्दरता हो। हामी गहना छौं। त्यसकारणले आज हामी सबै छौं यहाँ। संघीयता नै नभैदिएको भए हामी कसको प्रतिनिधि भएर यहाँ आउँथ्यऔ? राष्ट्रिय सभाको निर्वाचित सदस्यहरू गर्वले भन्नुपर्छ हामी संघीयताका उपलब्धि हूं। त्यही संघीयताले हामीलाई यहाँसम्म पुऱ्याएको छ, ती लोकतन्त्रलाई हामीले यहाँसम्म

पुऱ्याएको छ। यसमाथि त कुरा उठाउने कुरै छैन। सम्माननीयज्यू, निश्चित रुपमा हामी अलिकति पुरै नेपालमै हेर्यो भने त सिँचाईको अवस्था त त्यस्तै जर्जर छ। उदयपुर कै अवस्था त्यस्तो छ। एउटा तिर्जुका नदीले सम्पूर्ण हेर्थ्यो। अब उदयपुरको एउटा त्रियुगा नदीमा कम्तिमा सातवटा चेक ड्याम बनेर सिँचाई भइराखेको छ। राम्रै कुरो छ। तर अवस्था के भइरहेको छ प्रतिवर्ष जग्गा कटानको समस्याले हेर्दा सबै हटदै गर्छ राख्याछु। र पुनः म नेपाल सरकारसँग आग्रह गर्न चाहन्छु। प्राकृतिक नुजको आधारमा कोशीको प्राकृतिक नोज वेलकाकोको आधारमा जोगिएको सप्तरी देखि पर्सासम्मको मान्छेहरु यसमा पुनः सरकारले ध्यान जाओस् पहिलेका साल पनि बाढी लाग्या थियो। केटा हुँदै हुँदै जोग्या छ। यसपालि समयमै ध्यान पुऱ्याएर त्यसमा रोकथामको काम छिटो होस् छरितो होस् का आशा राख्दै म आफ्ना दुई शब्द यहि अन्त्य गर्छु।र यो १८औं अधिवेशन बजेट अधिवेशन हामी नेपाल र नेपालीको लागि सार्थक बनोस् भन्दै दुई शब्द अन्त्य गर्छु। धन्यवाद।

(१५:४४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य तुल प्रसाद विश्वकर्मा।

(१५:४५ बजे) **माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा):-** सम्माननीय अध्यक्षज्यू, आज हामी १८औं अधिवेशनको संघारमा उभिएका छौं। र यो अधिवेशन विगतको अधिवेशनमा जस्तै यो उपलब्धिमूलक होस्। यसले देश र जनताको अपेक्षा अनुरुपका ऐन, कानुनहरू निर्माण गरोस् र जनताले भरोसा गर्ने र जनताले आशा गरेका चिजहरु पाउन भन्ने शुभकामना सहित सत्रौंलाई हामीले शुभकामना दिएका थियौं। र त्यही शब्द दोहोर्याउनुपर्ने यहाँ नि भइरहेको छ तर सत्रौं अधिवेशनको जुन उपलब्धि हो हामीले अपेक्षा गरे अनुरुप भएन। तैपनि हामीले भन्नैपर्छ यो देश र जनताको हितको निम्ति बढी उपलब्धिमूलक तरिकाले यो १८औं अधिवेशनले काम गरोस् यो कामना गर्न चाहन्छु। साथै २०८२ नववर्षको उपलक्ष्यमा सम्माननीय अध्यक्षज्यू लगायत सम्पूर्ण माननीयज्यूहरु र सम्पूर्ण नेपाली जनताहरुमा नयाँ वर्षको हार्दिक मंगलमय शुभकामना पनि व्यक्त गर्न चाहन्छु।

यो सदन सुरु भएको आज तेस्रो दिन हो।र याहँ पूर्ववक्ता माननीय शिक्षक वर्गहरु छब्बिसौं दिनदेखि सडकमा छन्। र अहिले आएर उनीहरूमाथि लाठी चार्ज भएको कुरा आएको छ। दर्जनौं घाइते भएका छन्। यो अत्यन्त दुःखद कुरा हो। यो देशमा गणतन्त्र ल्याउनको लागि लोकतन्त्र स्थापना गर्नको लागि हिजोको दिनमा निरंकुश पञ्चायती व्यवस्थाको विरुद्धमा शिक्षकहरुले जुन भूमिका खेले, जुन किसिमको उनीहरुले योगदान दिए। के अहिलेको सरकारले

त्यसलाई बिर्सेकै हो। त्यतातिर हामीले ध्यान दिनुपर्दैन उहाँहरूको जायज मागलाई हामीले सम्बोधन गर्न यो सरकारलाई के कुराले रोकिरहेको छ? म प्रश्न गर्न चाहन्छु। हामीलाई आवश्यक पर्ने विधेयकहरू त हामीले अध्यादेशबाट लिएर पास गर्यौं त। के शिक्षकहरू लाई हामीले नि अध्यादेशबाट लिन सक्दैनथ्यौं? कर्मचारी विधेयक हामीले लिन सक्दैनथ्यो अध्यादेशबाट। जुन समुदाय, जुन वर्ग, जुन नि तात्कालिक नि आवश्यकीय ऐनहरू छन् लामो समयदेखि लिङ्गरिङ्ग भइराख्या छ। जो आउन सकिरहेको छैन त्यसलाई हामीले ध्यान दिँदैनौं। तर सरकारले कहाँ कहाँ अप्ठ्यारो परेको छ आफ्ना मान्छेहरुलाई त्यो फुकाउनको लागि अध्यादेश लिने गर्छ। यो अत्यन्त दुखद कुरा हो। त्यसैले शिक्षकहरूले उठाएका जायज मागहरुलाई तुरुन्त सम्बोधन गरियोस् र उनीहरूको पक्षमा ऐन जारी गरियोस्। यहाँ सत्तापक्षका साथीहरूले भन्नुभयो, आर्थिक दायित्व बढ्छ। निश्चित रुपमा बढ्छ आर्थिक दायित्व। देशको शिक्षाको नि दियो बाल्ने जिम्मा लिएका शिक्षकहरूलाई हामीले बेखुसी बनाएर, उनीहरूको मन कुण्ड्याएर हामीले आर्थिक भार जोगाउन सक्छौं? यहाँ केही समय अगाडि नि यहाँ प्रस्ताव चर्चा चलेको होइन पूर्व भिआइपीहरुलाई तलब थोरै भो, भत्ता थोरै भो बढाउनु पर्छ सेव सुविधा भनेर। पूर्व भिआइपीप्रति सरकारको दया जाग्यो तर आफ्नो खुनपसिना एक गरेर जनताका छोराछोरीहरुलाई शिक्षाको नि दियो बाल्ने, उनीहरूको नि आँखा खोलिदिने शिक्षकहरुप्रति किन यो सरकारको ध्यान जाँदैन? म यो प्रश्न गर्न चाहन्छु।

त्यसै लामो समयदेखि यहाँ आन्दोलनरत सहकारी नि पीडितहरु छन्, मिटर ब्याजीहरु छन् र उनीहरु लगातार आन्दोलनमा छन्। उनीहरुको कुरा पनि उनीहरूको माग पनि सम्बोधन भइरहेको छैन। तर हामीले सुन्छौं सत्तापक्षका साथीहरुले भर्खरै भन्नुभयो कि विपक्षमा बस्ने साथीहरुले आलोचना मात्रै गर्ने, हामीलाई गाली मात्रै गर्ने, आफूले जिम्मेवारीबाट भाग्ने, हामीलाई काम गर्न नदिने जस्ता आशयका कुराहरू यहाँ राखेर जानुभयो तर त्यो होइन। प्रतिपक्षको कामै आलोचना गर्ने हो। सत्तापक्षबाट भएका कमी कमजोरीहरूलाई औंल्याउने काम प्रतिपक्षको हो। तब न सत्तापक्ष सचेत भएर काम गर्ने हो। तर भइदिएको के छ यहाँ भनेपछि तिमीहरु गाली गर्दै गर हामी सुन्दै गर्छौं। तर काम जसको जनताको पक्षमा उठाए पनि सही पक्षमा उठाए पनि गलत पक्षमा उठाए पनि त्यो नसुन्ने। आफ्नो योजना अनुसार मात्रै चल्ने यसो भएन जनता त प्रतिपक्ष मात्रै होइन । सत्तापक्षको पनि होला जनता। त्यसो गर्दा अहम सवालहरू, जनताका दैनिक आवश्यकताको सवालहरू, जनताका जटिल सवालहरुलाई निश्चित रूपमा समयमै सम्बोधन गर्नको लागि सरकारले ध्यान दिनै पर्छ। त्यसैगरी शिक्षकको आन्दोलन टुंगिन नपाउँदै फेरि चिकित्सकहरूको आन्दोलन सुरु भइसकेको छ। यो अर्को विडम्बना छ।

अब उहाँहरूका पनि आफ्ना  जटिल समस्याहरु छन्। कुन जायज समस्या हो, कुन नाजायज हो, कुन माग  सही छ, कुन  गलत छ सरकार वार्ताको टेबलमा बसेर त्यो सहज बनाउनु पर्यो वातावरण। यसरी आन्दोलनकारीहरू  सबै आन्दोलनमा गइरहने सरकारले त्यसलाई ध्यान नदिने यो राम्रो भइरहेको छैन। यसले देशलाई सही ठाउँतिर लैजाँदैन यो कुरामा सरकार गम्भीर बनोस् भन्न चाहन्छु म। त्यस्तै देशमा भ्रष्टाचारको कुरा  बारम्बार आइरहन्छ त्यो कहिँ कतै कमी भएको छैन बढोत्तरी नै भइरहेको छ। महङ्गीका कुराहरू दिनप्रतिदिन बढिरहेकै छन्। यी कुराहरुले देश जुन  थला परेको छ त्यसमा सरकार गम्भीर र चिन्तित बनेको मैले महसुस गरिरहेको छैन। त्यसैगरी भर्खरै भारतको कश्मिरको पहलगाममा जुन एउटा दुखद घटना गट्यो। जसमा एकजना नेपाली पनि पर्नुभएको छ बुटवलको। त्यो अत्यन्त दुःखद घटना हो र त्यसको हामी सबै विरोध गर्नुपर्छ। त्यस खालको आतंककारी गतिविधि वास्तवमा त्यो कायरताको एउटा नमुना हो। र त्यसको हामी विरोध र भर्त्सना गर्न चाहन्छौं। अब यसभन्दा अगाडिका सत्रौं अधिवेशनमा पनि मैले बारम्बार उठाइरहेको थिएँ। हाम्रो तराई क्षेत्रमा तराईका जिल्लाहरूमा लगातार दलित उत्पीडनका घटनाहरु बढिरहेका छन्, थपिरहेका छन्। विशेष गरेर दलित महिलामाथिको बलात्कार, हत्या र अपमानका कुराहरु भइरहेका छन्। त्यसमा सरकारको  ध्यान जान सकेको छैन। यहाँसम्म कि उनीहरूको जाहेरी समेत नलिने आलटाल गर्ने र पछि दबाव परेपछि मात्रै त्यो लिने काम भइरहेको छ। त्यसो गर्दा पुलिस प्रशासनहरुलाई पनि मैले अनुरोध गर्न चाहन्छु र विशेष गरेर वर्तमान सरकार को ध्यान जाओस्। दलितहरू माथिको जुन उत्पीडन बढिरहेको छ यसले देखाउँछ कि आज देशमा भारतमा जसरी हिन्दु राज्यको नाममा त्यहाँ मुस्लिम माथिको दमन र अतिक्रमण बढिरहेको छ। ठिक त्यस्तै नेपालमा पनि त्यसैको सिको गरेर दलित उत्पीडन  बढाउँदै लगेको त होइन? यो शङ्का गर्ने ठाउँ छ। हामीले देखिरहेका छौं सडकमा बाबाजीहरूको  फोटो टाँसेर जुलुस गरेको त हामीले देख्यौ । राजा आउ देश बचाउ भनेको पनि हामीले सुन्यौं, देश कता जाँदैछ। हामीले सुशासन दिन सकेको भए यो अवस्था  कायम हुन्थ्यो हुँदैनथ्यो। हाम्रै कारणले हामी पटकपटक जो सत्तामा गयौं, हाम्रा कुशासन, हाम्रा अनुशासनहिन कुराहरु त्यहाँ  हामीले गलत तत्व र गलत व्यक्तिहरुलाई प्रोत्साहन दिने, भ्रष्टाचारलाई नियन्त्रण नगर्ने, बिचौलियाहरुलाई  समयमै खबरदारी नगर्ने यिनै  गतिविधिहरूले गर्दाखेरि जनविरोधी गतिविधिहरूले गर्दाखेरि आज गणतन्त्र विरोधीहरूले लोकतन्त्र विरोधीहरुले टाउको उठाउने मौका पाइरहेका छन्।

यो कुरालाई यदि हामीले रोक्ने हो भने लोकतन्त्र र गणतन्त्रलाई बचाउने हो भने हामीले आफूलाई सुधार्नुपर्छ सबभन्दा पहिला। आफू सुध्रिनुपर्छ। तब मात्र हामीले अरुलाई सुधार्न

सक्छौं र अरुलाई हामीले आफ्नो नियन्त्रणमा राख्न सक्छौं आफ्नो नजिक राख्न सक्छौ। त्यसैले यो नारा अहिलेको परिस्थिति हामीले यसलाई सामाननीय रुपमा नलिउँ। पहिलेको प्रतिगमनमा प्रतिगमनकारीहरूको पछाडि कुनै बाह्य शक्ति कुनै सशक्त शक्ति थिएन। तर अहिले बाह्य शक्तिको पनि हात छ र उनीहरूको पनि भाव छ भन्ने कुरा विगतका घटनाहरुले देखाइरहेका छन्। त्यसो गर्दा अब प्रतिगमन आयो भने एक्लै आउँदैन। उसले अरुलाई पनि लिएर आउँछ। त्यसैले हामी गणतन्त्रवादीहरु, लोकतन्त्रवादीहरु, धर्म निरपेक्षतावादीहरु एकजुट भएर लड्नु बाहेक यो गणतन्त्र बचाउने अर्को कुनै उपाय छैन। त्यस्तै यहाँ संघीयताको कुरा पनि उठ्यो साथीले भन्नुभयो कि माननीयज्यूले अब नेपालमा गणतन्त्र संघीय गणतन्त्र बाहेक अरु व्यवस्थाको कुनै विकल्पै छैन भनेर जानु भयो। हिजो राजाको पालामा पञ्चायती व्यवस्थाको विकल्पै छैन भन्ने गरिन्थ्यो। अब फेरि अहिले संघीय व्यवस्थाको विकल्पै छैन भनेर यहाँ भन्न थालिएको छ। यही संघीयता चलाउनको लागि यसैलाई धान्नको लागि हामीले यो वैदेशिक ऋण २७ खरब लाग्न थालिसक्यो। विदेशीसँग ऋण कारेर कति दिन चलाउन सकिन्छ यो संघीयता कति दिन हामीले थाम्न सकिन्छ हामी त आफ्नो धरातलमा उभिएर चिन्तन गर्नुपर्यो । कसैको इशारामा, कसैको बहकाउमा लागेर अथवा कसैको नक्कल गरेर, कसैको राम्रो देखेर मात्र त भएन । हामी कहाँ उभिएका छौं, हाम्रो स्थिति के हो? हाम्रो देशले के धान्न सक्छ, कति हो हाम्रो क्षमता? त्यो अनुसार हामीले गर्नुपर्यो। संघीय शासनको यो प्रदेश जुन संरचना छ यसले जनतामा व्ययभार अत्यन्त थपेको छ। जनताको आपसी सद्भाव खैलाबैला पारेको छ। जनताहरूको एकआपसको सद्भावलाई यसले एक ठाउँमा लिन राख्न सकिरहेको छैन। यो हामीले यसलाई अलि गम्भीर रुपले बुझौं मैले फेरि आग्रह गर्छु। नत्र एकदिन यो कुरालाई समयमै हामीले सच्याएन भने यो व्यवस्थै जान्छ। यही संघीयताले यो संघीय शासन खान सक्छ। त्यसैले यो खतरा पनि छ देशमा सबैलाई विनम्र अनुरोध गर्छु। आगामी दिनहरूमा बाँकी रहेका ऐन र कानुनहरूलाई तदारुकताका साथ सदनले अगाडि बढाओस् र त्यसलाई पास गर्ने उसमा लगियोस्। मौलिक हक र अधिकार सम्बन्धसँग सम्बन्धित पनि थुप्रै ऐनहरु छन्। जसमध्ये दलित सम्बन्धी ऐनहरु पनि चाहिन्छ। ती कुराहरू पनि आएको छैन। आवाज सम्बन्धी कुराहरू छ भूमिसम्बन्धी कुराहरू यी सबैलाई समेटेर नयाँ ऐनहरु ल्याउने कुरामा जनताको आवश्यकता अनुसारका, अपेक्षा अनुसारका ऐन र विधेयकहरूलाई हामीले सदनमा प्रवेश गराउँ, पास गराउँ। भलै यो त्यो एउटा आर्थिक अर्थ सदन हो, विधेयक सदन होइन। तैपनि हामीले आगामी दिनमा त्यसलाई पनि ध्यान दिउँ भन्ने मैले अनुरोध गर्दै म यहाँहरुबाट विदा हुन चाहन्छु। हस् त धन्यवाद।

(१५:५९ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट पत्रहरु प्राप्त हुन आएका छन, अब म, उक्त पत्रहरुको व्यहोरा जानकारी गराउँछु।

(क) "**सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली** सम्वत् २०८१ साल चैत्र १९ गते मङ्गबार थाइल्याण्डको औपचारिक भ्रमण तथा बिमस्टेकको छैटौं शिखर सम्मेलनमा सहभागी हुन थाइल्याण्ड प्रस्थान गर्नुहुने भएकोले वहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्ने दैनिक प्रशासनिक कार्य नेपालको संविधान बमोजिम सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा माननीय उपप्रधानमन्त्री एवं शहरी विकास मन्त्री प्रकाशमान सिंहले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा सादर अनुरोध गर्दछु।

(डा. रामप्रसाद घिमिरे)

सचिव

मिति २०८१ चैत्र १९"

विषयः मन्त्रिपरिषद्को गठन सम्बन्धमा।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा सम्वत् २०८१ साल असार ३१ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम मिति २०८२।०१।१० गते देहाय बमोजिमको नियूक्ति, हेरफेर र कार्यविभाजन गरी मन्त्रिपरिषद् गठन गर्नु भएको व्यहोरा सादर अनुरोध गर्दछु।

| क्र. सं | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री केपी शर्मा ओली | प्रधानमन्त्री | |
| २. | श्री प्रकाशमान सिंह | उपप्रधानमन्त्री | सहरी विकास |
| ३. | श्री विष्णुप्रसाद पौडेल | उपप्रधानमन्त्री | अर्थ |
| ४. | श्री पृथ्वी सुब्बा गुरुङ | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| ५. | श्री रमेश लेखक | मन्त्री | गृह |
| ६. | श्री शरदसिंह भण्डारी | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| ७. | डा. आरजु राणा | मन्त्री | परराष्ट्र |

| | | | |
|---|---|---|---|
| ८. | श्री रघुजी पन्त | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| ९. | श्री प्रदीप यादव | मन्त्री | खानेपानी |
| १०. | श्री बलराम अधिकारी | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| ११. | श्री दामोदर भण्डारी | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| १२. | श्री नवलकिसोर साह सुडी | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| १३. | श्री देवेन्द्र दाहाल | मन्त्री | भौतिक, पूर्वाधार तथा यातायात |
| १४. | श्री तेजुलाल चौधरी | मन्त्री | युवा तथा खेलकुद |
| १५. | श्री बद्रीप्रसाद पाण्डे | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १६. | श्री अजय कुमार चौरसिया | मन्त्री | कानन्, न्याय तथा संसदीय मामिला |
| १७. | श्री प्रदिप पौडेल | मन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या |
| १८. | श्री रामनाथ अधिकारी | मन्त्री | कृषि तथा पशुपन्छी विकास |
| १९. | श्री मानबीर राई | मन्त्री | रक्षा |
| २०. | श्री दिपक खड्का | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाइ |
| २१. | श्री राजकुमार गुप्ता | मन्त्री | संघीय मामिला तथा सामाननीय प्रशासन |
| २२. | श्री ऐनबहादुर शाही ठकुरी | मन्त्री | वन तथा वातावरण |
| २३. | श्री अरुणकुमार चौधरी | राज्यमन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| २४. | श्री रुपा वि.क. | राज्यमन्त्री | वन तथा वातावरण |

(डा. रामप्रसाद घिमिरे)

सचिव

२०८२ बैशाख १० गते”

माननीय सदस्यहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्र प्राप्त हुन आएको छ, अब, उक्त पत्रको व्यहोरा जानकारी गराउँछु।

“माननीय परराष्ट्र मन्त्री डा. आरजु राणा थाइल्याण्डको बैङ्ककमा आयोजना हुने यूनाइटेड नेशन्स इकोनोमिक एण्ड सोशल कमिसन फर एशिया एण्ड द प्यासिफिकको ८१ औं सेसनमा सहभागी हुन संवत् २०८२ साल वैशाख ७ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले

उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीबाट माननीय गृह मन्त्री रमेश लेखकले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(एकनारायण अर्याल)

मुख्य सचिव

२०८२ वैशाख १० गते"

**माननीय सदस्यहरू, अब, राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याललाई "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संसोधन) विधेयक, २०७९" का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभा समक्ष जानकारी गराई टेबुल गर्न समय उपलब्ध गराउँछु।**

**(१६:०५ बजे)** **राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याल:-** सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभाबाट पारित भएको विधेयकको सन्देश प्राप्त हुन आएको छ। अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १२४ को उपनियम १ बमोजिम उक्त सन्देश सभा समक्ष जानकारी गराउँछु।

श्री सचिव राष्ट्रिय सभा।

विषयः- सन्देश सहित विधेयक पठाइएको।

प्रतिनिधिसभामा उत्पत्ति भएको संवैधानिक परिषद् काम कर्तव्य अधिकार कार्यविधि सम्बन्धी पहिलो संशोधन विधेयक, २०७९ सम्बद्ध २०८१ साल चैत्र १८ गते सोमबार बसेको प्रतिनिधि सभाको बैठकले राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन संशोधन सहित पारित गरेकोले प्रतिनिधिसभा नियमावली २०७९ को नियम १२७ को उपनियम १ बमोजिम सन्देश सहित विधेयक पठाइएको व्यहोरा अनुरोध गर्दछु।

हर्कराज राई

सचिव

२०८१/ १२/१९

सम्माननीय अध्यक्ष महोदय अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली २०७५ को नियम १२४ को उपनियम १ बमोजिम उक्त सन्देश यस सम्मानित सभा समक्ष टेबल गर्दछु। धन्यवाद।

(१६:०६ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब, माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसियालाई " पर्यटन विधेयक, २०८१ " सभा समक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

(१६:०७ बजे) **माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री बद्री प्रसाद पाण्डेः**- सम्माननीय अध्यक्ष महोदय, पर्यटकीय गतिविधि प्रवर्धन पर्यटन उद्योगको व्यवस्था तथा नियमन गर्न पर्यटकको हित सुरक्षा र सुविधा अभिवृद्धि गर्न तथा पर्यटन क्षेत्रको दिगो विकासका लागि संघ प्रदेश र स्थानीय निकाय तहबीच सहकार्य अभिवृद्धि गर्दै राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान वृद्धि गर्न पर्यटन सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गरी समयानुकूल बनाउन वाञ्छनीय भएकोले अध्यक्ष महोदयको अनुमतिले पर्यटन विधेयक, २०८१ यस सम्मानित सभामा समक्ष पेश गर्दछु। धन्यवाद।

(१६:०८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब संविधानसभा सदस्य एवं प्रतिनिधि सभाका पूर्व सदस्य तीर्थराम डंगोल र प्रतिनिधि सभाका पूर्व सदस्य कमल कोइरालाको निधनप्रति शोक प्रस्ताव प्रस्तुत गर्दछुः

क. "संविधानसभा सदस्य एवं प्रतिनिधि सभाका पूर्व सदस्य तीर्थराम डंगोलको ७७ वर्षको उमेरमा मिति २०८२ साल वैशाख १२ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय डंगोल नेपाली काँग्रेस पार्टीको तर्फबाट २०५६ सालको आमनिर्वाचनमा काठमाडौं क्षेत्र नं. ७ बाट प्रतिनिधि सभाको सदस्यमा र २०६४ सालको संविधानसभाको निर्वाचनमा निर्वाचित हुनु भएको थियो।

यो बैठक स्वर्गीय डंगोलप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

ख. "वि.सं ज्ञढढछ .साल साउन ३१ गते मा जन्मनु भएका प्रतिनिधि सभाका पूर्व सदस्य

कमल कोइरालाको डट वर्षको उमेरमा मिति द्दण्डज्ञ साल चैत ज्ञठ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

नेकपा (एकीकृत समाजवादी) केन्द्रीय सल्लाहकार परिषद् सदस्य स्वर्गीय कोइराला नेकपा-एमाले पार्टीको तर्फबाट २०५१ सालको मध्यावधि निर्वाचनमा मोरङ्ग-६ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित हुनु भएको थियो।

यो बैठक स्वर्गीय कोइरालाप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

माननीय सदस्यहरू, उक्त शोक प्रस्तावहरूलाई पारित गरिदिनु हुन अनुरोध गर्दछु।

माननीय सदस्यहरू, उक्त शोक प्रस्तावहरू सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु। माननीय सदस्यहरू, अब संविधानसभा सदस्य एवं प्रतिनिधि सभाका पूर्व सदस्य तीर्थराम डंगोल र प्रतिनिधि सभाका पूर्व सदस्य कमल कोइरालाको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गरौं।

सुरु

(मौन धारण)

धन्यावाद!

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८२ साल वैशाख १९ गते शुक्रबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ।

**स्थगितः- १६:१२ बजे।**